# वैदेशिक रोजगार बचतपत्रको स्थिति र प्रवर्द्धनका उपाय

नेपाल राष्ट्र बैंक

मौद्रिक व्यवस्थापन विभाग

२०८१ असार

# भूमिका

नेपाल सरकारबाट आन्तरिक ऋण परिचालनमा ट्रेजरी बिल्स, विकास ऋणपत्र, नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्र उपयोगमा ल्याइएको छ । आन्तरिक ऋण परिचालनका यी उपकरणहरु मध्ये आर्थिक वर्ष २०६६।६७ देखि आव्हान हुन थालेको वैदेशिक रोजगार बचतपत्र तुलनात्मक रुपले नयाँ उपकरण हो । वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुको बचत बैंकिङ्ग प्रणालीबाट भित्र्याउन प्रोत्साहित गर्ने र सरकारको आन्तरिक ऋण परिचालनमा समेत योगदान पुऱ्याउने उद्देश्यले आर्थिक वर्ष २०६६/६७ देखि वैदेशिक रोजगार बचतपत्रको निष्काशन गर्न शुरुवात गरिएको हो । गैर आवासीय नेपाली नागरिक एवं वैदेशिक रोजगारीमा रहेका वा फर्किएको ६ महिना अवधि व्यतित नभएका नेपाली नागरिक र नीजका एकाघर परिवारकाले यो उपकरणमा लगानी गर्न पाउने व्यवस्था रहेको छ ।

वैदेशिक रोजगार बचतपत्र आव्हान हुन थालेको करिब डेढ दशक भएतापनि यसबाट अपेक्षित मात्रामा आन्तरिक ऋण परिचालन हुन सकेको छैन । यसै सन्दर्भमा यस विभागको आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्ययोजना अनुसार वैदेशिक रोजगार बचतपत्रको स्थिति र यसको प्रवर्द्धनका उपायहरु सम्बन्धी यो अध्ययन सम्पन्न गरिएको छ। यो अध्ययन मूलतः बचतपत्र खरिदकर्ताहरू, बिक्री एजेण्ट, म्यानपावर व्यवसायीका साथै सम्बन्धित व्यक्ति र निकायहरुसँग गरिएको सर्वेक्षण र अन्तरक्रियामा आधारित रहेको छ ।

अध्ययन प्रतिवेदनमा वैदेशिक रोजगार बचतपत्रको प्रवर्द्धनको लागि आवश्यक नीतिगत र प्रक्रियागत सरलीकरण तथा सुधारका उपायहरु प्रस्तुत गरिएको छ । अध्ययनबाट प्राप्त सुझावहरुको कार्यान्वयनबाट आगामी दिनमा वैदेशिक रोजगार बचतपत्रबाट वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुको बचत बैकिङ्ग प्रणाली मार्फत देशमा भित्र्याउन सहयोग पुग्नुको साथै सरकारको ऋण परिचालनमा थप सहयोग पुग्ने विश्वास लिएको छु। साथै, प्रतिवेदन नेपाल सरकार, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र नेपाल राष्ट्र बैंक लगायत वैदेशिक रोजगारीमा रहेका व्यक्ति एवम् सम्बन्धित घरपरिवार र अन्य सरोकारवालालाई समेत उपयोगी हुने अपेक्षा रहेको छ ।

अन्त्यमा, अध्ययन कार्यको समन्वय गर्दै अध्ययन सम्पन्न गर्न महत्वपूर्ण योगदान पुऱ्याउनु हुने विभागका निर्देशक डा. रामशरण खरेललाई विशेष धन्यवाद दिन चाहन्छु। त्यसैगरी अध्ययन कार्यमा खटिनु हुने उप निर्देशकहरु डा. रमेश प्रसाद चौलागाई, श्री गोविन्द प्रसाद भण्डारी, श्री मेघ प्रसाद लामिछाने र श्री सुरेश सिवाकोटी तथा सहायक निर्देशकहरु श्री कविन्द्र बाबु बस्नेत, श्री रोजिना सिवाकोटी, श्री राजेन्द्र रेग्मी, श्री अमित शाक्य, श्री रबीना भट्ट, श्री ममता के.सी. र श्री रञ्जु शाह लगायत सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्दछु। सर्वेक्षणको विवरण उपलब्ध गराइ सहयोग पुऱ्याउनु हुने वैदेशिक रोजगारीमा जान लागेका/फर्किएका व्यक्ति, म्यानपावर कम्पनी, बजार निर्माता एवम् बिक्री एजेण्टहरुलाई समेत धन्यवाद दिन चाहन्छु ।

पिताम्बर भण्डारी

कार्यकारी निर्देशक

# <u>बिषय सूची</u>


| | पेज नं |
|---|---|
| *कार्यकारी सारांश* | *v* |
| **१. परिचय** | **१-५** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ अध्ययनको उद्देश्य | २ |
| १.३ अध्ययन विधि | २ |
| १.४ अध्ययनको सीमा | ४ |
| १.५ प्रतिवेदनको संरचना | ५ |
| **२. वैदेशिक रोजगार बचतपत्र सम्बन्धी व्यवस्था र परिचालन स्थिति** | **६-१३** |
| २.१ वैदेशिक रोजगार बचतपत्रको अवधारणा | ६ |
| २.२ संस्थागत र कानूनी व्यवस्था | ६ |
| २.३ निष्काशन विधि र प्रक्रिया | ७ |
| २.४ वैदेशिक रोजगार बचतपत्र परिचालन स्थिति | ८ |
| २.५ आन्तरिक ऋण परिचालनमा वैदेशिक रोजगार बचतपत्रको योगदान | ११ |
| २.६ वैदेशिक रोजगार बचतपत्र प्रवर्द्धनमा भएका प्रयास | १२ |
| **३. स्थलगत सर्वेक्षणको नतिजा** | **१४-२१** |
| ३.१ वैदेशिक रोजगारीमा जान लागेका/फर्किएका नागरिकसँग स्थलगत सर्वेक्षण | १४ |
| ३.२ बिक्री एजेण्ट र बजार निर्माताहरुको खरिद बिक्रीमा तत्परता | १८ |
| ३.३ म्यानपावर कम्पनीलाई वैदेशिक रोजगार बचतपत्रबारे जानकारी | १९ |
| ३.४ अन्तरक्रियाबाट प्राप्त सुझाव | २० |
| **४. सारांश, निष्कर्ष तथा सुझाव** | **२२-२६** |
| ४.१ सारांश तथा निष्कर्ष | २२ |
| ४.२ सुझाव | २५ |
| ***अनुसूची*** | ***२७-३२*** |

# तालिका र चार्ट सूची

## क. तालिका सूची

पेज नं


| | | |
|---|---|---|
| तालिका १: | नमूना संकलन विवरण | ३ |
| तालिका २.१: | वैदेशिक रोजगार बचतपत्रको आव्हान र बिक्री विवरण | ९ |
| तालिका २.२: | ब्याजदर विवरण | १० |
| तालिका २.३: | नेपाल सरकारको आन्तरिक ऋण परिचालन | ११ |
| तालिका २.४: | वैदेशिक रोजगारी, विप्रेषण आय र बचतपत्र परिचालनको स्थिति | १२ |
| तालिका ३.१: | वैदेशिक रोजगारीमा संलग्न | १४ |
| तालिका ३.२: | वैदेशिक रोजगारीमा जाने/फर्कने व्यक्तिको पेशा र शैक्षिक योग्यता | १५ |
| तालिका ३.३: | वैदेशिक रोजगारीको गन्तव्य | १५ |
| तालिका ३.४: | विप्रेषण आय | १६ |
| तालिका ३.५: | वैदेशिक रोजगार बचतपत्रबारे जानकारी र तालिम | १७ |
| तालिका ३.६: | वैदेशिक रोजगार बचतपत्र प्रवर्द्धन गर्ने उपाय | १८ |
| तालिका ३.७: | बचतपत्रको बिक्री बढाउने उपाय (बिक्री एजेण्ट) | १९ |
| तालिका ३.८: | वैदेशिक रोजगार बचतपत्रबारे जानकारी | १९ |
| तालिका ३.९: | बचतपत्रको बिक्री बढाउने उपाय (म्यानपावर कम्पनी) | २० |


## ख. चार्ट सूची


| | | |
|---|---|---|
| चार्ट २.१: | वैदेशिक रोजगार बचतपत्र र मुद्दती निक्षेपको ब्याजदर | १० |
| चार्ट ३.१: | भारत बाहेकका देशहरुमा रोजगारी गन्तव्य | १६ |
| चार्ट ३.२: | वैदेशिक रोजगार बचतपत्रबारे जानकारी | १७ |

# कार्यकारी सारांश

*नेपाली नागरिकको वैदेशिक रोजगारीमा आकर्षण बढिरहेको सन्दर्भमा एकातर्फ विप्रेषण आय बैंकिङ्ग प्रणालीबाट भित्र्याउन प्रोत्साहित गर्ने र अर्कोतर्फ सरकारको आन्तरिक ऋण परिचालनमा समेत योगदान पुऱ्याउने उद्देश्यले आर्थिक वर्ष २०६६/६७ देखि वैदेशिक रोजगार बचतपत्रको शुरुवात भएको हो । वैदेशिक रोजगार बचतपत्र आकर्षक बनाउन यसको ब्याजदर तुलनात्मक रुपमा उच्च हुने गरेको छ । यस्तो बचतपत्र आवश्यकता अनुसार तत्काल बिक्री गर्न वा बैंक तथा वित्तीय संस्थाहरुमा धितो राखी कर्जा लिन सकिने व्यवस्था रहेको छ ।*

*आर्थिक वर्ष २०६६/६७ देखि २०७९/८० सम्म २५ पटक गरी जम्मा रू. १५ अर्ब ५६ करोड वैदेशिक रोजगार बचतपत्र आव्हान भएकोमा जम्मा रू.७६ करोड २३ लाख (४.९%) मात्र बिक्री भएको छ । विगत १० वर्षमा कुल आन्तरिक ऋणमा वैदेशिक रोजगार बचतपत्रको योगदान औसत ०.०६ प्रतिशतमात्र रहेको छ ।*

*वैदेशिक रोजगार बचतपत्र अपेक्षित रुपमा परिचालन हुन नसकेको सन्दर्भमा प्रवर्द्धनका उपायहरु सुझाउनु अध्ययनको मूल उद्देश्य रहेको छ । अध्ययनमा वैदेशिक रोजगार बचतपत्र परिचालन स्थिति तथा योगदानको समग्र विश्लेषण गर्दै बचतपत्रबारे जानकारी, खरिद गर्ने तत्परता, खरिद गर्न चाहने/नचाहने कारण र प्रवर्द्धनका उपायहरुको विश्लेषणको लागि तीन प्रकारका सर्वेक्षण सम्पन्न गरिएको छ : वैदेशिक रोजगारीबाट फर्किएका वा पुनः जान लागेका ३८५ नेपाली नागरिकसँग स्थलगत सर्वेक्षण, वैदेशिक रोजगारीमा पठाउने ७० म्यानपावर कम्पनीलाई टेलिफोन सर्वेक्षण र बचतपत्र बिक्री गर्न इजाजतपत्र प्राप्त १६ बिक्री एजेण्टहरुसँग इमेल सर्वेक्षण ।*

*काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, बसपार्क, म्यानपावर कम्पनी र श्रम विभागमा तथा काठमाडौं बाहिरका झापा-काँकडभिट्टा, वीरगञ्ज-रक्सौल, भैरहवा-सुनौली र धनगढी-गौरीफण्टाका नाकाहरुमा वैदेशिक रोजगारीमा जान लागेका र फर्किएका ३८५ नेपाली नागरिकसँग सम्पन्न स्थलगत सर्वेक्षणमा करिब ३० प्रतिशत व्यक्ति पहिलो पटक वैदेशिक रोजगारीमा जान लागेका र १२.५ प्रतिशतलाई मात्र वैदेशिक रोजगार बचतपत्रको बारेमा जानकारी रहेको पाइएको छ । तर जानकारी भएकाले पनि यस्तो बचतपत्र खरिद गरेको देखिएन ।*

*वैदेशिक रोजगार बचतपत्रको बारेमा जानकारी भएर पनि खरिद नगरेका व्यक्तिमध्ये ३९.५ प्रतिशतले पर्याप्त जानकारी नभएको, २७ प्रतिशतले खरिद प्रक्रिया झण्झटिलो भएको, १२.५ प्रतिशतले बचतपत्र खरिद गर्ने रकमको अभाव रहेको र बाँकी २१ प्रतिशतले प्रमाणपत्र सजिलै प्राप्त नहुने र ब्याज प्राप्त गर्न धाउनु पर्ने कारण उल्लेख गरेका छन् ।*

*वैदेशिक रोजगार बचतपत्रको बिक्री एजेण्टका १६ प्रतिनिधिहरुसँग गरिएको इमेल सर्वेक्षण अनुसार ६२.५ प्रतिशतले रोजगारीमा रहेका नेपालीले वैदेशिक रोजगार बचतपत्रको बारेमा सोधनी गरेको तर खरिदमा तत्परता नदेखाउने गरेको उल्लेख गरेका छन् । त्यसैगरी, काठमाडौं स्थित विभिन्न ७० म्यानपावर कम्पनीका सञ्चालक वा प्रतिनिधिसँग सम्पन्न टेलिफोन सर्वेक्षण अनुसार २४.३ प्रतिशतले वैदेशिक रोजगार बचतपत्रको बारेमा जानकारी भएको र १२.८ प्रतिशतले सोधपुछ गर्ने गरेको बताएका छन् ।*

*यस अध्ययनले वैदेशिक रोजगार बचतपत्र प्रवर्द्धनको लागि देहाय बमोजिमका नीतिगत तथा प्रक्रियागत सुधार र प्रचार-प्रसारमा जोड दिनुपर्ने आवश्यकता औल्याएको छ ।*

***नीतिगत सुधारः***

*(क) वैदेशिक रोजगार बचतपत्रको अभौतिकीकरण गर्नुको साथै परिपक्व भएको साँवा र ब्याज खरिदकर्ताको बैंक खातामा प्राप्त हुने व्यवस्था मिलाउने ।*

(ख) वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकले विदेशस्थित विदेशी मुद्राको बैंक खाताबाट समेत खरिद गर्न पाउने व्यवस्था मिलाउने । यद्यपी, कतिपय मुलुकहरुको कानूनले यस्तो बन्देज लगाएको सन्दर्भमा श्रम संझौतामा समावेश गरी लगानी गर्न सक्ने व्यवस्था मिलाउन पहल गर्ने ।

(ग) नेपाल सरकारले नागरिक बचतपत्र र वैदेशिक रोजगार बचपतत्र छुट्टा छुट्टै निकाल्नु भन्दा एकै प्रकारको बचतपत्रको व्यवस्था गर्ने तर गैर आवासीय नेपाली र वैदेशिक रोजगारमा रहेका नेपालीलाई बचतपत्र खरिदमा विनिमयदर मार्फत् सहुलियत दिने ।

(घ) सरकारले बजेट घाटा परिपूर्तिको लागि बचतपत्र निष्काशन गर्ने प्रचलन रहेकोमा आगामी वर्षहरुमा मुलुकको सर्वाधिक महत्वका पूर्वाधार आयोजना लक्षित वित्तीय साधन जुटाउन बचतपत्र निष्काशन गर्ने ।

**प्रक्रियागत सुधारः**

(क) बचतपत्रको आर्जित ब्याज र परिपक्व भएको साँवा बचतपत्र धनीको बैंक खातामा सोझै उपलब्ध हुने व्यवस्था मिलाउने ।

(ख) बचतपत्रको प्रमाणपत्र तत्काल उपलब्ध हुने वा अनलाइन मार्फत प्राप्त हुने व्यवस्था मिलाउने ।

(ग) हाल बचतपत्र वर्षको एकपटक छोटो अवधिका लागि मात्र आव्हान हुने गरेकोमा आर्थिक वर्षको शुरुमा निष्काशन गर्ने र आव्हान रकम बिक्री नभएसम्म खुला रहने व्यवस्था मिलाउने ।

**प्रचार-प्रसारमा जोड दिने:**

(क) सामाजिक सञ्जालको उपयोग गरी वैदेशिक रोजगार बचतपत्रको प्रचार-प्रसार व्यापक बनाउने ।

(ख) नेपालबाट वैदेशिक रोजगारीका आकर्षक गन्तव्य रहेका मुलुकस्थित नेपालका कुटनीतिक नियोग मार्फत् वैदेशिक रोजगार बचतपत्रको प्रचार-प्रसारमा तीव्रता दिने ।

(ग) रोजगारीमा जाने व्यक्तिलाई श्रम विभाग, वैदेशिक रोजगार कम्पनी र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित श्रम डेस्क मार्फत् वैदेशिक रोजगार बचतपत्रको फाइदाका सम्बन्धमा ब्रोसर वा पुस्तिकाका माध्यमबाट जानकारी गराई प्रचारप्रसार गर्ने ।

(घ) रोजगारीमा जाने व्यक्तिको लागि आयोजना गरिने अभिमुखीकरण तालिममा वैदेशिक रोजगार बचतपत्रको जानकारी अनिवार्य बनाउने ।

# परिच्छेद १
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालमा वार्षिक बजेट तर्जुमा गर्ने कार्य वि.सं. २००८ सालदेखि शुरु भए तापनि बजेट मार्फत् आन्तरिक ऋण परिचालन गर्ने कार्यको शुरुवात भने आर्थिक वर्ष २०१८/१९ देखि भएको पाइन्छ । सरकारले पछिल्ला केही दिनमा आन्तरिक ऋण परिचालनमा ट्रेजरी बिल्स, विकास ऋणपत्र, नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्र गरी ४ प्रकारका उपकरणहरु प्रयोगमा ल्याएको छ । यी उपकरणहरुमध्ये ट्रेजरी बिल्स र विकास ऋणपत्र बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण परिचालन गर्ने तर्फ लक्षित रहेका छन् भने नागरिक बचतपत्र सबै नेपाली नागरिक र वैदेशिक रोजगार बचतपत्र वैदेशिक रोजगारीमा रही विप्रेषण आय प्राप्त गर्ने नेपाली नागरिक र निजका एकाघर परिवारका सदस्यले खरिद गर्न पाउने व्यवस्था रहेको छ ।

आन्तरिक ऋण परिचालनको लागि यस्ता विभिन्न प्रकारका ऋणपत्रहरु निष्काशन गर्नुमा निश्चित उद्देश्य अन्तरनिहित रहेको हुन्छ । बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण परिचालन गर्दा सहज र लागत प्रभावी भएतापनि सरकारले बैंक तथा वित्तीय संस्थाहरुको साधन अत्यधिक उपयोग गर्न थालेमा निजी क्षेत्रमा जाने कर्जा संकुचन हुने (Crowding out) सम्भावना रहन्छ । राज्यले नागरिकबाट ऋण उठाउँदा लागत बढ्न सक्छ तर नागरिकको बचत प्रोत्साहित हुने देखिन्छ ।

सरकारले बैंकिङ्ग क्षेत्रको साथसाथै नागरिकहरुबाट समेत ऋण परिचालन गरी बचतमा प्रोत्साहित गर्ने उद्देश्यले बचतपत्र निष्काशनको अवधारणा ल्याएको हो । सो अनुरुप नागरिकबाट आन्तरिक ऋण परिचालन गर्न वि.सं. २०४० साल देखि राष्ट्रिय बचतपत्र निष्काशन गर्न थालेको हो (Forty Years of Nepal Rastra Bank,1996) । आर्थिक वर्ष २०७५।७६ देखि राष्ट्रिय बचतपत्र निष्काशन बन्द गरी सोही विशेषता रहेको नागरिक बचतपत्र मात्र निष्काशन गर्न थालिएको छ । त्यसैगरी, वैदेशिक रोजगारीमा आकर्षण बढिरहेको सन्दर्भमा एकातर्फ विप्रेषण आय बैंकिङ्ग प्रणालीबाट भित्र्याउन प्रोत्साहित गर्ने र अर्कोतर्फ विदेशमा रहेको पूँजी आकर्षित गरी अर्थतन्त्रमा समग्र साधन परिचालनको स्तर बढाउने उद्देश्यले आर्थिक वर्ष २०६६।६७ देखि वैदेशिक रोजगार बचतपत्र निष्काशन गर्न थालिएको देखिन्छ ।

वैदेशिक रोजगार बचतपत्रको ब्याजदर तुलनात्मक रुपमा आकर्षक हुने गरेको छ । नेपाल सरकार र नेपाल राष्ट्र बैंकले यस्तो बचतपत्रको प्रचार-प्रसार बढाउन रोजगारीमा पठाउने निकाय र कुटनीतिक नियोगहरुलाई समेत परिचालन गर्दै आएको छ । तर सरकारले हरेक वर्ष बचतपत्र निष्काशनको लागि आव्हान गर्ने र आव्हान गरिएको रकमको न्यून अंशमात्र बिक्री हुने प्रवृत्ति देखिएको छ । फलस्वरुपः कुल आन्तरिक ऋणमा वैदेशिक रोजगार बचतपत्रको हिस्सा पछिल्लो पाँच वर्षमा औसत ०.१ प्रतिशत रहेको छ (आर्थिक सर्वेक्षण, २०८०/८१) । नेपालबाट करिब ५५

लाख नेपाली नागरिक भारत वाहेकका देशहरुमा रोजगारीमा रहेको तुलनामा सीमित व्यक्तिहरुको मात्र वैदेशिक रोजगार बचतपत्रमा लगानी रहेको छ (नेपाल राष्ट्र बैंक, २०८०)।

सो अनुसार झण्डै डेढ दशकदेखि शुरु गरिएको वैदेशिक रोजगार बचतपत्र निष्काशन मार्फत् आन्तरिक ऋण परिचालन गर्ने कार्यमा अपेक्षित सफलता हासिल हुन सकेको देखिदैन । तसर्थ, आगामी वर्षहरुमा यस्तो उपकरणको परिचालन मार्फत् आन्तरिक ऋणमा योगदान बढाउन विद्यमान समस्या पहिचान गर्दै सुधारका उपायहरु अवलम्बन गर्नु अपरिहार्य देखिएको छ ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य वैदेशिक रोजगार बचतपत्र परिचालनको स्थिति र योगदानको विश्लेषण गर्दै प्रवर्द्धनका उपायहरु सुझाउनु रहेको छ ।

## १.३ अध्ययन विधि

यो अध्ययनमा मूलतः दुई प्रकारका विधिहरु अवलम्बन गरिएको छ । पहिलो, वैदेशिक रोजगार बचतपत्र परिचालनको आवश्यकता, स्थिति र योगदानको समग्र विश्लेषण नेपाल सरकार र नेपाल राष्ट्र बैंकबाट प्रकाशित विभिन्न तथ्याङ्क तथा विवरणको आधारमा गरिएको छ । दोस्रो, वैदेशिक रोजगार बचतपत्रबारे जानकारी, खरिद गर्ने तत्परता, खरिद गर्न चाहने/नचाहने कारण र प्रवर्द्धनका उपायहरुको विश्लेषणको लागि तीन प्रकारका सर्वेक्षणहरु सम्पन्न गरिएको छ ।

पहिलो, वैदेशिक रोजगारीबाट फर्किएका वा पुनः जान लागेका नेपाली नागरिकसँग नमूना छनौटको आधारमा स्थलगत सर्वेक्षण गरिएको छ। दोस्रो, वैदेशिक रोजगारीमा पठाउने म्यानपावर कम्पनीलाई बचतपत्रबारे जानकारी भए/नभएको वा अभिमुखीकरण तालिममा यस्तो विषय समावेश हुने गरे/नगरेको सम्बन्धमा विश्लेषण गर्न निश्चित प्रश्नावली तर्जुमा गरी टेलिफोन सर्वेक्षण गरिएको छ। तेस्रो, बचतपत्र बिक्री गर्न इजाजतपत्र प्राप्त बिक्री एजेण्टहरुसँग बचतपत्रको खरिद-बिक्री सम्बन्धमा निश्चित प्रश्नावली तर्जुमा गरी इमेल सर्वेक्षण सम्पन्न गरिएको छ । अन्त्यमा, सर्वेक्षणको नतिजा उपर सरोकारवालाहरुसँग सामूहिक छलफल गरिएको छ ।

### *१.३.१ वैदेशिक रोजगारीबाट फर्केका वा पुनः जान लागेका नेपाली नागरिकसँग स्थलगत सर्वेक्षण*

***(क) नमूना निर्धारण*** : आर्थिक सर्वेक्षण २०७९/८० बमोजिम २०७९ फागुनसम्म ५५.२६ लाख नेपाली नागरिकले भारत बाहेकका अन्य देशहरुमा वैदेशिक रोजगारीमा जाने उद्देश्यले श्रम स्वीकृति लिएको देखिन्छ। भारत तर्फ भने खुला सीमाना रहनुको साथै रोजगारीमा जाने र आउने प्रचलन धेरै पुरानो रहेको, सेना लगायत विभिन्न प्रकारका औपचारिक संस्था र अनौपचारिक क्षेत्रमा समेत नेपाली कामदार कार्यरत रहेको र दैनिक ज्यालादारीमा समेत भारतीय सीमा क्षेत्रमा नेपाली कामदार जाने गरेकोले संख्या यकिन गर्नु चुनौतिपूर्ण छ । तसर्थ, कुल ५५.२६ लाख व्यक्तिलाई Population मानी देहायको विधि अवलम्बन गर्दा कायम हुने ३८५ व्यक्ति स्थलगत सर्वेक्षणमा समावेश गरिएको छ। स्थलगत सर्वेक्षणमा उपलब्धताको आधारमा वैदेशिक रोजगारीमा

जान लागेका र रोजगारीबाट फर्किएको ६ महिना नपुगेका व्यक्तिहरुसँग अनुसूची १ बमोजिमको प्रश्नावली अनुसार सर्वेक्षण गरिएको छ ।

Sample Size = **[z2 * p (1-p)] / e2 / 1 + [z2 * p (1-p)] / e2 * N**

Where, z = z Score (@ 95% Confidence Level) = 1.96, e = Margin of Error = 5%

N = Population Size = 55.26 Lakh, p = Population Proportion = 0.5

***ख) स्थानगत आकार निर्धारण*** : स्थलगत सर्वेक्षणको नमूना आकार सानो भएकोले रोजगारी-गन्तव्य मुलुकको आधारमा संख्या निर्धारण गरिएको छैन । तर भारत तर्फ खुला सीमाना रहेको र ठूलो संख्यामा नेपालीहरु भारतको श्रम बजारमा रहेको र नेपालबाट वैदेशिक रोजगारीमा आवत-जावत गर्ने प्रमुख केन्द्र त्रिभुवन अन्तर्राष्टिय विमानस्थल रहेको सन्दर्भमा कुल ३८५ नमूना सर्वेक्षणमा ८० प्रतिशत (अर्थात ३०८ व्यक्ति) त्रिभुवन अन्तर्राष्टिय विमानस्थलबाट र बाँकी २० प्रतिशत (अर्थात ७७ व्यक्ति) भारततर्फको प्रमुख नाकाहरुबाट वैदेशिक रोजगारीमा जान लागेका र फर्किएका व्यक्ति स्थलगत सर्वेक्षणमा समेटिएका छन् । नेपाली कामदारहरु भारतीय नाकाहरुको अतिरिक्त हवाइमार्गबाट समेत भारतमा जाने गरेको र स्थलगत मार्गबाट भारत गएका व्यक्ति पनि अन्य मुलुक जानसक्ने देखिएकोले नमूना संख्या निर्धारणमा हवाईमार्गबाट आवत-जावत गर्नेको अनुपात उच्च गरिएको हो ।

भारततर्फको सीमा नाकाहरु मध्ये आवत-जावतको बढी चाप रहेका झापाको काँकडभिट्टा, वीरगञ्जको रक्सौल, भैरहवाको सुनौली र धनगढीको गौरीफण्टा गरी ४ नाकाहरु स्थलगत सर्वेक्षणको लागि छनौट गरिएको छ । स्थलगत सर्वेक्षणको समयावधिमा उपलब्धताको आधारमा प्रत्येक नाकाबाट जाने वा आउनेको संख्या न्यूनतम २५ कायम हुनेगरी जम्मा ७७ व्यक्ति समावेश गरिएको छ ।

**तालिका १: नमूना संकलन विवरण**

| सर्वेक्षण विन्दु | काँकडभिट्टा | रक्सौल | सुनौली | गौरीफण्टा | काठमाडौं | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| **भारतीय श्रम बजारमा कार्यरत** | १३ | ८ | १६ | ४० | ० | ७७ | २० |
| **भारत बाहेकका मुलुकमा कार्यरत** | २७ | ३२ | २४ | ० | २२५ | ३०८ | ८० |
| **जम्मा** | ४० | ४० | ४० | ४० | २२५ | ३८५ | १०० |
| **प्रतिशत** | **१०.३९** | **१०.३९** | **१०.३९** | **१०.३९** | **५८.४४** | **१००** | |

भारत बाहेक अन्य मुलुकमा रोजगारीमा जाने र फर्कने व्यक्तिहरुको हकमा भने काठमाडौं स्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, म्यानपावर कम्पनी, वैदेशिक रोजगारीमा जाने कामदारहरूलाई अभिमुखीकरण तालिम प्रदायक संस्था, होटल, राहदानी कार्यालय, बसपार्क, आदि स्थानबाट व्यक्ति पहिचान गरिएको छ ।

(ग) नमूना सर्वेक्षण : स्थलगत सर्वेक्षण प्रश्नावली काठमाडौं स्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र वीरगञ्ज स्थित रक्सौल नाकाबाट रोजगारीको लागि जाने र फर्किएका व्यक्तिहरूसँग परीक्षण सर्वेक्षण (पाइलट टेस्ट) गरी परिष्कृत गरिएको छ ।

#### *१.३.२ वैदेशिक रोजगार बचतपत्र खरिद-बिक्री गर्ने संस्थाहरुसँग इमेल सर्वेक्षण*

यस बैंकले वैदेशिक रोजगार बचतपत्रको बिक्रीको लागि इच्छुक बैंक तथा वित्तीय संस्था र रेमिट्यान्स कम्पनीहरु गरी १४ संस्थाहरुलाई बिक्री एजेण्टको इजाजतपत्र प्रदान गरेको छ । आर्थिक वर्ष २०७९/८० मा वैदेशिक रोजगार बचतपत्र बिक्री गर्ने अनुसूची ५ मा उल्लिखित जम्मा १४ मध्ये १३ बिक्री एजेण्टहरुको विदेशस्थित प्रतिनिधि रहेकाले ती सबै प्रतिनिधिहरुसँग अनुसूची ३ बमोजिमको प्रश्नावली तर्जुमा गरी इमेल सर्वेक्षण गरिएको छ ।

#### *१.३.३ म्यानपावर कम्पनीहरुसँग टेलिफोन सर्वेक्षण*

सामान्यतया वैदेशिक रोजगारीको प्रबन्ध म्यानपावर कम्पनी मार्फत् हुने र त्यस्ता कम्पनीहरुले श्रमिकलाई रोजगारीमा पठाउनु अघि श्रमसँग सम्बन्धित विभिन्न विषयमा अभिमुखीकरण गर्ने व्यवस्था रहेको छ । ती संस्थाहरुले अभिमुखीकरण तालिममा वैदेशिक रोजगार बचतपत्रको बारेमा उल्लेख गरे/नगरेको वा महत्व दिए/नदिएको पहिचान गर्न अनुसूची २ बमोजिमको छुट्टै प्रश्नावली मार्फत् काठमाडौं उपत्यकामा रहेका करिब ७०० म्यानपावर कम्पनीहरूमध्ये Randomly छनौट गरिएका १० प्रतिशत संस्थाका प्रतिनिधिहरूसँग टेलिफोन सर्वेक्षण सम्पन्न गरिएको छ ।

#### *१.३.४ सामूहिक छलफल*

उपरोक्त सर्वेक्षणहरुको नतिजा प्राप्त भएपश्चात् सो उपर छलफल गरी बचतपत्रको बिक्री प्रवर्द्धन गर्ने उपायहरुको सुझाव प्राप्त गर्ने उद्देश्यले काठमाडौंमा सामूहिक छलफल गरिएको थियो ।

### १.४ अध्ययनको सीमा

प्रस्तुत अध्ययन वैदेशिक रोजगार बचतपत्रको स्थिति र प्रवर्द्धनका उपायहरुतर्फ मात्र केन्द्रित रहेकोले वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुको रोजगारीको अवस्था र आर्थिक तथा सामाजिक पक्ष समेटिएको छैन । साथै, सीमित नमूना संख्याको आधारमा अध्ययन सम्पन्न गरिएकोले अध्ययनको नतिजा सामान्यीकरण (Generalize) मा सजगता अपनाउनु आवश्यक हुन्छ ।

## १.५ प्रतिवेदनको संरचनाः

परिच्छेद १ मा उपरोक्त अध्ययनको पृष्ठभूमि, उद्देश्य र अध्ययन विधि प्रस्तुत गरिएपश्चात् परिच्छेद २ मा वैदेशिक रोजगार बचतपत्रको पृष्ठभूमि, परिचालन स्थिति, योगदान र विगतमा प्रवर्द्धनको लागि अवलम्बन गरिएका उपायहरुको बारेमा संक्षिप्त चर्चा गरिएको छ । परिच्छेद ३ मा नमूना सर्वेक्षण र सामूहिक छलफलबाट प्राप्त नतिजा अनुसार वैदेशिक रोजगार बचतपत्रबारे जानकारी, खरिद-बिक्रीको स्थिति र सुधारका उपयाहरु प्रस्तुत गरिएको छ । अन्त्यमा परिच्छेद ४ मा अध्ययनको सारांश, निष्कर्ष र सुझाव रहेको छ ।

# परिच्छेद २

# वैदेशिक रोजगार बचतपत्र सम्बन्धी व्यवस्था र परिचालन स्थिति

## २.१ वैदेशिक रोजगार बचतपत्रको अवधारणा

विकासोन्मुख मुलुकहरुका सरकार वा निजी क्षेत्रले वाह्य वित्तीय साधन परिचालन गर्न गैर-आवासीय नागरिक लक्षित ऋणपत्र (Diaspora Bond) निष्काशन गर्ने प्रचलन रहेको छ । भारत, इजरायल, फिलिपिन्स, इथियोपिया, केन्या र नाइजेरिया लगायत विभिन्न मुलुकहरुले लक्षित परियोजनाको लागि त्यस्ता ऋणपत्रहरु जारी गरेको देखिन्छ । ऋणपत्र जारी गर्ने निकायले ऋणको सदुपयोग र लगानी सुरक्षाको प्रत्याभूति गर्दै ऋणपत्रको खरिद-बिक्री प्रक्रिया सहज र सरल बनाउन सकेमा वित्तीय साधन परिचालन अपेक्षित रुपमा हुन सक्ने देखिएको छ ।

नेपाल सरकार वा नेपालका निजी क्षेत्रबाट कुनै निश्चित आयोजनाको लागि वित्तीय साधन जुटाउन विदेशी वा गैर आवासीय नेपाली लक्षित ऋणपत्र जारी भएको देखिँदैन । सरकारको बजेट घाटा परिपूर्तिको लागि आन्तरिक ऋण परिचालनमा सघाउ पुऱ्याउने उद्देश्यले भने गैर आवासीय नेपाली नागरिक लक्षित बचतपत्र जारी गर्ने गरेको छ । खासगरी, विगत लामो समयदेखि नेपाली नागरिकको वैदेशिक रोजगारीमा आकर्षण बढिरहेको र सो अनुरुप विप्रेषण आय प्राप्त भइरहेको सन्दर्भमा सरकारको आन्तरिक ऋण परिचालनमा सहयोग पुऱ्याउनुको साथै विप्रेषण आय बैकिङ्ग माध्यमबाट स्वदेशमा भित्र्याउन प्रोत्साहित गर्ने उद्देश्यले आर्थिक वर्ष २०६६।६७ सालदेखि वैदेशिक रोजगार बचतपत्र निष्काशन गर्न थालिएको हो ।

## २.२ संस्थागत र कानूनी व्यवस्था

### *२.२.१ संस्थागत व्यवस्था*

राष्ट्र ऋण ऐन, २०५९ र राष्ट्र ऋण विनियमावली, २०५९ बमोजिम विगतमा नेपाल राष्ट्र बैंकबाट वैदेशिक रोजागार बचतपत्रको निष्काशन र व्यवस्थापन हुँदै आएको थियो । सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ र सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० कार्यान्वयनमा आएपश्चात् २०८० चैत्रदेखि यस्तो बचतपत्र लगायत नेपाल सरकारको सम्पूर्ण आन्तरिक ऋण निष्काशन र व्यवस्थापन कार्य सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट हुन थालेको छ ।

नेपाल राष्ट्र बैंकले बचतपत्र खरिद-बिक्रीको लागि इच्छुक ३६ बैंक तथा वित्तीय संस्थाहरुलाई बजार निर्माताको र वैदेशिक रोजगार बचतपत्रको लागि इच्छुक १० बैंक तथा वित्तीय संस्था र ४ रेमिट कम्पनीहरू गरी १४ संस्थाहरुलाई बिक्री एजेण्टको इजाजतपत्र प्रदान गरेको थियो । बजार निर्मातालाई प्राथमिक र दोस्रो बजार कारोबार गर्न इजाजतपत्र दिइएको हुन्छ भने बिक्री एजेण्टलाई ऋणपत्र निष्काशन भएको अवधिमा बिक्री गर्ने इजाजत रहेको हुन्छ ।

वैदेशिक रोजगार बचतपत्रको बिक्री प्रवर्द्धन गर्न इजाजतप्राप्त बिक्री एजेण्टलाई वैदेशिक रोजगारीको आकर्षण रहेका मुलुकहरुमा सम्पर्क कार्यालय स्थापना र सम्पर्क व्यक्तिको व्यवस्था

रहेको छ । सो अनुसार आर्थिक वर्ष २०७९/८० मा इजाजतपत्रप्राप्त १४ मध्ये १३ बिक्री एजेण्टहरुले वैदेशिक रोजगार बचतपत्र बिक्री गर्न १३ देशमा ६३ सम्पर्क व्यक्ति नियुक्त गरेका छन् ।

### *२.२.२ कानूनी व्यवस्था*

हाल सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ र सार्वजनिक ऋण व्यवस्थापन नियमावली २०८० बमोजिम वैदेशिक रोजगार बचतपत्रको निष्काशन र खरिद-बिक्री हुने गरेको छ । यस बाहेक वैदेशिक रोजगार बचतपत्रको निष्काशन र व्यवस्थापनको लागि वैदेशिक रोजगार बचतपत्र सम्बन्धी कार्यविधि, २०६९ (दोश्रो संशोधन, २०७६) कार्यान्वयनमा रहेको छ ।

उक्त कार्यविधिमा बचतपत्र निष्काशन गर्नुको उद्देश्य, बचतपत्रको विशेषता, ब्याज तथा साँवा प्राप्तिको व्यवस्था, खरिद गर्न पाउने मापदण्ड, खरिद गर्दा पेश गर्नुपर्ने कागजात तथा विधि र प्रक्रिया उल्लेख रहेको छ। त्यसैगरी सो कार्यविधिमा बचतपत्रको दोश्रो बजार सञ्चालन, बचतपत्र बिक्री गर्ने बिक्री एजेण्टहरूले पाउने कमिसन र बचतपत्र बिक्रीमा विदेशस्थित नेपाली कुटनीतिक नियोगको भूमिका, बिक्री एजेण्टहरुको कार्य तथा जिम्मेवारीका बारेमा समेत उल्लेख छ।

बिक्री एजेण्टहरूले बचतपत्रको आव्हानको सूचना बमोजिम उल्लिखित शर्त र विधि अनुसार बिक्रीको लागि आवेदन लिने व्यवस्था रहेको छ । नेपालभित्र रहेका बिक्री एजेण्टहरुले समेत विदेशमा रहेका खरिदकर्ताको आवश्यक विवरण तथा कागजात प्राप्त गरी बचतपत्र बिक्री गर्नसक्ने व्यवस्था रहेको छ ।

### *२.२.३ सेवा शुल्क र कर सम्बन्धी व्यवस्था*

वैदेशिक रोजगार बचतपत्र सम्बन्धी कार्यविधि, २०६९ (दोश्रो संशोधन, २०७६) अनुसार वैदेशिक रोजगार बचतपत्र बिक्री गरेवापत् सरकारले बिक्री एजेण्टहरुलाई कुल रकमको ०.६५ प्रतिशत कमिशन शुल्क दिने व्यवस्था रहेको छ । यस्तो बचतपत्रमा पाकेको ब्याजमा नियमानुसार कर लाग्ने व्यवस्था रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा ब्याजकर शुल्क ६ प्रतिशत रहेको छ।

## २.३ निष्काशन विधि र प्रक्रिया

प्रत्येक वर्ष वार्षिक बजेटबाट निर्धारित आन्तरिक ऋण परिचालनमा नेपाल सरकार, अर्थ मन्त्रालयले आन्तरिक ऋण उपकरण, रकम र निष्काशन मिति अग्रिम निर्धारण गरी सो अनुसार निष्काशन आव्हान हुने व्यवस्था रहेको छ । नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्रको हकमा ब्याजदर समेत सरकारले अग्रिम निर्धारण गर्ने व्यवस्था रहेको छ । वैदेशिक रोजगार बचतपत्र सम्बन्धी कार्यविधि, २०६९ (दोश्रो संशोधन, २०७६) अनुसार वैदेशिक रोजगारीमा रहेका तथा रोजगारीबाट फर्किएको ६ महिना व्यतित हुन बाँकी नेपाली नागरिक तथा निजका एकाघर परिवारका सदस्य र गैर आवासीय नेपालीले समेत बिक्री एजेण्टमार्फत् यस्तो बचतपत्र खरिद गर्न पाउने व्यवस्था रहेको छ ।

वैदेशिक रोजगार बचतपत्रको मुख्य विशेषता र प्रावधान देहाय बमोजिम रहेको छ ।

- यस्तो बचतपत्र सरकारले निष्काशन गर्ने भएकोले पूर्ण सुरक्षित रहेको,
- खरिदकर्ताको आवश्यकता अनुसार स्टक वा प्रमिसरी नोटको रुपमा खरिद गर्न पाउने,
- न्यूनतम रु.१० हजार र बढीमा कुल आह्वान रकमको सीमामा नबढाई १० हजारले निःशेष भाग जाने अंक बराबर खरिद गर्न सकिने,
- ब्याजदर परिवर्तन नहुने,
- यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्था र बजार निर्माताबाट बचतपत्रको ब्याज तथा साँवा तोकिएको मितिमा प्राप्त हुने,
- बचतपत्र धनीले आवश्यकता अनुसार बजार निर्माता मार्फत् तत्काल बिक्री गर्न वा बैंक तथा वित्तीय संस्थामा धितो राखी कर्जा लिन सकिने व्यवस्था रहेको छ ।

## २.४ वैदेशिक रोजगार बचतपत्र परिचालन स्थिति

### *२.४.१ आव्हान तथा बिक्री स्थिति*

आर्थिक वर्ष २०६६/६७ देखि वैदेशिक रोजगार बचतपत्रको निष्काशन र व्यवस्थापन कार्य शुरु गरिए पश्चात् आर्थिक वर्ष २०७५/७६ बाहेकका सबै वर्षहरुमा यस्तो बचतपत्र बिक्रीका लागि आव्हान भएको देखिन्छ । आर्थिक वर्ष २०६६/६७ देखि २०७९/८० सम्मका १३ वर्षहरुमा बैंकले २५ पटक गरी जम्मा रू. १५ अर्ब ५६ करोड आव्हान गरेकोमा रू.७६ करोड २३ लाख (अर्थात् ४.९ प्रतिशत) बिक्री भएको छ ।

बचतपत्रको परिचालन शुरुका वर्षहरुदेखि नै अपेक्षित रुपमा हुन सकेको देखिँदैन । पहिलो वर्ष रु. १ अर्बको बचतपत्र आव्हान भएकोमा रु.४० लाख बिक्री भएको थियो भने दोस्रो वर्ष रु.५ अर्ब निष्काशन आव्हान भएकोमा रु.३३ लाख मात्र बिक्री भयो । त्यसपछिका अधिकांश वर्षहरुमा बचतपत्रको आव्हान रु.५० करोड भन्दा कम भएको देखिन्छ । आर्थिक वर्ष २०६६/६७ देखि २०७९/८० सम्म आव्हान रकमको ४.९ प्रतिशतमात्र बिक्री हुन सकेको छ । यस अवधिमा निष्काशन भएका सबै वैदेशिक रोजगार बचपत्रहरु ५ वर्ष अवधिको रहेका छन् ।

## तालिका २.१: वैदेशिक रोजगार बचतपत्रको आव्हान र बिक्री विवरण

*(रु. करोडमा)*

| सि.नं. | आ.व. | आव्हान रकम | बिक्री रकम | बिक्री प्रतिशत | सि.नं. | आ.व | आव्हान रकम | बिक्री रकम | बिक्री प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | २०६६।६७ | १००.०० | ०.४ | ०.४ | १५. | २०७४।७५ | २५.०० | ०.८९ | ३.५६ |
| २. | २०६७।६८ | ५००.०० | ०.३३ | ०.०७ | १६. | २०७४।७५ | २५.०० | ०.४० | १.६० |
| ३. | २०६८।६९ | १००.०० | ०.८६ | ०.८६ | १७. | २०७५।७६ | ०.०० | ०.०० | ०.०० |
| ४. | २०६९।७० | १००.०० | ४.२८ | ४.२८ | १८. | २०७६।७७ | २०.०० | ०.१९ | ०.९५ |
| ५. | २०७०।७१ | २५.०० | २.६५ | १०.५६ | १९. | २०७६।७७ | ४०.०० | ०.२३ | ०.५८ |
| ६. | २०७०।७१ | २५.०० | ५.०१ | २०.०४ | २०. | २०७६।७७ | ४०.०० | ३.२९ | ८.२३ |
| ७. | २०७१।७२ | २५.०० | ८.३७ | ३३.४८ | २१. | २०७७।७८ | ५०.०० | १.५४ | ३.०६ |
| ८. | २०७२।७३ | २५.०० | ८.२१ | ३२.८४ | २२. | २०७७।७८ | ५०.०० | ३.९९ | ७.९८ |
| ९. | २०७२।७३ | २५.०० | ८.०० | ३२.०० | २३. | २०७८।७९ | ५०.०० | ५.६७ | ११.३४ |
| १०. | २०७२।७३ | ३३.७९ | ११.२४ | ३३.२६ | २४. | २०७९।८० | ५०.०० | २.२५ | ४.४८ |
| ११. | २०७३।७४ | ५०.०० | ४.२३ | ८.४६ | २५. | २०७९।८० | ९७.७६ | ०.३९ | ०.४० |
| १२. | २०७३।७४ | २५.०० | ०.७४ | २.९६ | | जम्मा | १५५६.५५ | ७६.२३ | ४.९० |
| १३. | २०७३।७४ | २५.०० | ०.२४ | ०.९६ | | औषत | ६२.२६ | ३.०५ | |
| १४. | २०७४।७५ | ५०.०० | २.८२ | ५.६४ | | | | | |

*स्रोत : नेपाल राष्ट्र बैंक*

### *२.४.२ ब्याजदर*

नेपाल सरकारले वैदेशिक रोजगार बचतपत्रलाई आकर्षक बनाई बढी भन्दा बढी ऋण परिचालन गर्ने उद्देश्यले यस्तो बचतपत्रको ब्याजदर निर्धारण गर्दा सोही वर्षको बैंक तथा वित्तीय संस्थाहरुले मुद्दति निक्षेपमा प्रदान गर्ने ब्याजदरको तुलनामा उच्च रहने गरेको छ ।

यस अवधिमा वैदेशिक रोजगार बचतपत्रको ब्याजदर सोही वर्षको मुद्दति निक्षेपको तुलनामा ०.०१ प्रतिशतदेखि २.४२ प्रतिशतसम्म उच्च रहेको देखिन्छ । तथापि, ब्याजदरको प्रभाव बचतपत्र खरिदमा अपेक्षित रुपमा परेको देखिदैन ।


## तालिका २.२: ब्याजदर विवरण

*(वार्षिक प्रतिशतमा)*

| सि.नं. | आ.व | वैदेशिक रोजगार बचतपत्र को ब्याजदर | मुद्दती निक्षेपको ब्याजदर | ब्याजदर फरक | सि.नं | आ.व | वैदेशिक रोजगार बचतपत्र को ब्याजदर | मुद्दती निक्षेपको ब्याजदर | ब्याजदर फरक |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | २०६६।६७ | ९.७५ | - | - | ८. | २०७३।७४ | १०.०० | ८.९७ | १.०३ |
| २. | २०६७।६८ | १०.५० | - | - | ९. | २०७४।७५ | १०.०० | ९.७५ | ०.२५ |
| ३. | २०६८।६९ | १०.०० | - | - | १०. | २०७६।७७ | १०.०० | ९.९९ | ०.०१ |
| ४. | २०६९।७० | १०.५० | ९.०१ | १.४९ | ११. | २०७७।७८ | १०.०० | ९.७९ | ०.२१ |
| ५. | २०७०।७१ | ९.०० | ७.६४ | १.३६ | १२. | २०७८।७९ | १२.५० | १०.१५ | २.३५ |
| ६. | २०७१।७२ | ९.०० | ७.९५ | १.०५ | १३. | २०७९।८० | १२.५० | १०.३१ | २.१९ |
| ७. | २०७२।७३ | ९.०० | ६.५८ | २.४२ | १४. | २०७९।८० | ११.०० | १०.३१ | ०.६९ |

*स्रोत : नेपाल राष्ट्र बैंक*

चार्ट २.१: वैदेशिक रोजगार बचतपत्र र मुद्दती निक्षेपको ब्याजदर (प्रतिशतमा)



## २.५ आन्तरिक ऋण परिचालनमा वैदेशिक रोजगार बचतपत्रको योगदान

### *२.५.१ आन्तरिक ऋणको संरचनामा वैदेशिक रोजगार बचतपत्र*

नेपाल सरकारले बजेट घाटा परिपूर्तिको लागि आन्तरिक ऋण परिचालनमा हाल ट्रेजरी बिल्स, विकास ऋणपत्र, नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्र प्रचलनमा ल्याएको छ । यी उपकरणहरु मध्ये ट्रेजरी बिल्स र विकास ऋणपत्र बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण उठाउने प्रयोजनको लागि र नागरिक बचतपत्र तथा वैदेशिक रोजगार बचतपत्र नेपाली नागरिकबाट ऋण उठाउने प्रयोजनको लागि निष्काशन हुने गरेको छ ।

पछिल्लो पाँच वर्षको नेपाल सरकारको आन्तरिक ऋणको आकार विश्लेषण गर्दा बढ्दो क्रममा रहेको देखिन्छ । आर्थिक वर्ष २०७१।७२ मा सरकारले रु.४३.३३ अर्ब आन्तरिक ऋण परिचालन गरेकोमा आ.व २०७९।८० मा आइपुग्दा रु.२५६ अर्ब पुगेको छ । सरकारको आन्तरिक ऋणको आकार बढ्दै गएको तुलनामा वैदेशिक रोजगार बचतपत्रको आकार बढ्न नसकेकोले यसको योगदान आ.व २०७१।७२ मा ०.१९ प्रतिशत रहेकोमा क्रमशः घट्दै आ.व २०७९।८० मा ०.०१ प्रतिशतमा झरेको छ ।

**तालिका २.३: नेपाल सरकारको आन्तरिक ऋण परिचालन**

*(रु करोडमा)*

| आर्थिक वर्ष | वैदेशिक रोजगार बचतत्र | अन्य ऋणपत्र$^{\alpha}$ | जम्मा आन्तरिक ऋण | आन्तरिक ऋणमा वैदेशिक रोजगार बचतपत्रको अनुपात (प्रतिशत) |
|---|---|---|---|---|
| २०७१।७२ | ८.४ | ४,३२४.९० | ४,३३३.३० | ०.१९ |
| २०७२।७३ | २७.५ | ९,०५०.०० | ९,०७७.५० | ०.३० |
| २०७३।७४ | ५.२१ | ८,८२८.५७ | ८,८३३.७८ | ०.०६ |
| २०७४।७५ | ४.१२ | १५,२८७.९७ | १५,२९२.०९ | ०.०३ |
| २०७५।७६ | - | १२,५९४.७० | १२,५९४.७० | - |
| २०७६।७७ | ३.७१ | १९,४६०.५२ | १९,४६४.२३ | ०.०२ |
| २०७७।७८ | ५.५२ | २२,३९५.४० | २२,४००.९२ | ०.०२ |
| २०७८।७९ | ५.६७ | २३,१२४.६३ | २३,१३०.३० | ०.०२ |
| २०७९।८० | २.६४ | २५,५९७.१३ | २५,५९९.७७ | ०.०१ |

$\alpha$: ट्रेजरी बिल्स, विकास ऋणपत्र र नागरिक बचतपत्र । *स्रोतः नेपाल राष्ट्र बैंक*

### *२.५.२ विप्रेषण आय र वैदेशिक रोजगार बचतपत्र परिचालन स्थिति*

नेपाली नागरिकको वैदेशिक रोजगारीमा आकर्षण बढ्दो क्रममा रहेको छ । आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार वैदेशिक रोजगार बचतपत्र निष्काशनको शुरुको वर्षमा रु.२.३१ खर्ब विप्रेषण आय प्राप्त भएकोमा यस अवधिमा करिब ६ गुणाले बढी आर्थिक बर्ष २०७९/८० मा रु १२.२० खर्ब प्राप्त भएको छ । त्यसैगरी वैदेशिक रोजगारीमा जानेको संख्या ३.२ गुणाले बढी आ.व

२०७९/८० मा ५६.८३ लाख पुगेको सन्दर्भमा वैदेशिक रोजगार बचतपत्रको बिक्री सो अनुरुप हुन सकेको देखिदैन ।

**तालिका २.४: वैदेशिक रोजगारी, विप्रेषण आय र बचतपत्र परिचालनको स्थिति**

| आर्थिक बर्ष | विप्रेषण रकम (रु दशलाख) | वैदेशिक रोजगारीको लागि स्वीकृति लिनेको संख्या | बचतपत्र बिक्री (रु दशलाख) |
|---|---|---|---|
| २०६६/६७ | २,३१,७२५ | १७,५३,८२२ | ४.०० |
| २०६७/६८ | २,५३,५५१ | २०,५५,६८५ | ३.३८ |
| २०६८/६९ | ३,५९,५५४ | २४,३७,१११ | ८.६६ |
| २०६९/७० | ४,३४,५८२ | २८,५२,९२९ | ४२.८६ |
| २०७०/७१ | ५,४३,२९४ | ३२,४६,०५७ | ७६.४२ |
| २०७१/७२ | ६,१७,२७९ | ३२,०१,२६८ | ८३.७२ |
| २०७२/७३ | ६,६५,०६४ | ३६,१९,९८१ | २७४.५२ |
| २०७३/७४ | ६,९५,४५२ | ४०,०३,४७४ | ५२.१४ |
| २०७४/७५ | ७,५५,०५८ | ४३,६५,४१५ | ४१.१८ |
| २०७५/७६ | ८,७९,३६७ | ४२,३९,७६७ | ० |
| २०७६/७७ | ८,७५,०२७ | ४४,३३,८१२ | ३७.१२ |
| २०७७/७८ | ९,६१,०,५ | ५२,५२,४३९ | ५२.२ |
| २०७८/७९ | १०,०७,३०७ | ५१,८९,५६० | ५६.७ |
| २०७९/८० | १२,२०,५५९ | ५६,८३,८५४ | २६.३९ |

*स्रोतः आर्थिक सर्वेक्षण २०८१*

## २.६. वैदेशिक रोजगार बचतपत्र प्रवर्द्धनमा भएका प्रयास

२.६.१ वैदेशिक रोजगार बचतपत्रको परिचालन अपेक्षित रुपमा हुन नसकेको सन्दर्भमा यसको आकर्षण बढाउन पछिल्ला वर्षहरुमा नेपाल सरकारले यस्तो बचतपत्रको ब्याजदर नागरिक बचतपत्रको ब्याजदरभन्दा एक प्रतिशत बढी निर्धारण गर्न थालेको छ ।

२.६.२ बचतपत्र खरिदलाई सहज बनाउन प्रक्रियागत सरलीकरण गर्ने उद्देश्यले आर्थिक वर्ष २०७९/८० देखि नागरिकले वैदेशिक रोजगार बचतपत्रको आवेदन अनलाइन माध्यममार्फत् गर्नसक्ने व्यवस्था गरिएको छ (मौद्रिक नीति, २०७९/८०) ।

२.६.३ वैदेशिक रोजगार बचतपत्रको परिचालन बढाउन नेपाल राष्ट्र बैंकले विगतदेखि नै नागरिक सचेतना अभिवृद्धिमा जोड दिदै आएको छ । सो अनुरुप आर्थिक वर्ष २०७३/७४ देखि वैदेशिक रोजगार बचतपत्रको बारेमा जनचेतना जगाई बचतपत्रको बिक्री प्रवर्द्धन गर्न बढी संख्यामा

नेपालीहरू वैदेशिक रोजगारीमा रहेका प्रमुख मुलुकहरूमा नेपाल सरकारका सम्बन्धित निकाय, बिक्री एजेण्टका विदेशस्थित कार्यालयहरू तथा रेमिट्यान्स कम्पनीहरू लगायतको समन्वयमा चेतनामूलक प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने गरिएको छ (मौद्रिक नीति, २०७३/७४)। सो अनुसार बैंकले नियमित रुपमा बजार निर्माता र बिक्री एजेण्टहरुलाई तालिम, अन्तरक्रिया र अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरेको छ। वैदेशिक रोजगार बचतपत्रको विशेषता तथा फाइदाका बारेमा वैदेशिक रोजगारीका लागि नेपाली कार्यरत रहेका तथा गैर आवासीय नेपाली रहेका मुलुकका नेपाली कुटनीतिक नियोगहरू मार्फत् समेत अन्तरक्रिया र प्रचार-प्रसार हुने गरेको छ।

२.६.४ पछिल्लो समय वैदेशिक रोजगार बचतपत्रको प्रचार-प्रसारलाई विद्युतीय माध्यममार्फत् तीव्रता दिइएको छ। बैंकले वैदेशिक रोजगार बचतपत्रको बिक्री खुला गर्ने निर्णय गरे पश्चात् राष्ट्रिय दैनिक पत्रिकाको अतिरिक्त बैंक तथा बिक्री एजेण्ट, गैर आवासीय नेपाली नागरिक, संघ संगठन, विदेश स्थित कुटनीतिक नियोगहरुको वेबसाइटमा सूचना प्रकाशन हुने गरेको छ। यस्तो बचतपत्रको परिचय र खरिद-बिक्री प्रक्रिया लगायतको विवरण समावेश पुस्तिका यस बैंकबाट प्रकाशन तथा वितरण गर्नुका साथै वेबपेजमा समेत राखिएको छ।

# परिच्छेद ३
# स्थलगत सर्वेक्षणको नतिजा

यस परिच्छेदमा अध्ययन विधिमा उल्लेख गरिए अनुसार वैदेशिक रोजगारीमा जाने र आउने नेपाली नागरिकसँग स्थलगत सर्वेक्षण, म्यानपावर कम्पनीहरुसँग टेलिफोन सर्वेक्षण र बिक्री एजेण्टहरुसँग वैदेशिक रोजगार बचतपत्रको सम्बन्धमा गरिएको इमेल सर्वेक्षणको आधारमा वैदेशिक रोजगार बचतपत्रको जानकारी, खरिद-बिक्रीमा तत्परता र आगामी दिनमा यस्तो बचतपत्र प्रवर्द्धन गर्ने उपायहरु प्रस्तुत गरिएको छ ।

## ३.१ वैदेशिक रोजगारीमा जान लागेका/फर्किएका नागरिकसँग स्थलगत सर्वेक्षण

### *३.१.१ स्थलगत सर्वेक्षणमा समेटिएका व्यक्तिहरुको विवरण*

**संख्या:** स्थलगत सर्वेक्षण अनुसार रोजगारीमा जाने वा फर्किएका जम्मा ३८५ व्यक्तिमध्ये करिब ३० प्रतिशत व्यक्ति पहिलो पटक वैदेशिक रोजगारीमा जान लागेका छन् भने बाँकी ७० प्रतिशत कम्तीमा एक पटक गएका छन् । कुल ३८५ मध्ये महिलाको संख्या १९.२ प्रतिशत रहेको छ । यसमध्ये २०.९ प्रतिशत पहिलो पटक वैदेशिक रोजगारीमा जान लागेको देखिएको छ ।

**तालिका ३.१: वैदेशिक रोजगारीमा संलग्न**

| प्रकार | पहिलो पटक जान लागेको | जाने आउने गरेको | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| महिला | २४ | ५० | ७४ | १९.२ |
| पुरुष | ९१ | २२० | ३११ | ८०.८ |
| जम्मा | ११५ | २७० | ३८५ | १००.० |
| महिला प्रतिशत | २०.९ | १८.५ | | |

*स्रोत: स्थलगत सर्वेक्षण*

**शिक्षा:** स्थलगत सर्वेक्षण अनुसार उच्च शिक्षा हासिल गर्ने व्यक्तिहरुको वैदेशिक रोजगारीमा आकर्षण न्यून देखिएको छ भने सामान्य लेखपढ वा निरक्षर व्यक्ति समेत वैदेशिक रोजगारीमा संलग्न रहेका छन् । कुल ३८५ व्यक्तिमध्ये १४.३ प्रतिशतको शैक्षिक योग्यता कक्षा १२ वा सोभन्दा बढी रहेको छ भने १४ प्रतिशतले सामान्य लेखपढ गर्न मात्र जानेका छन् । सर्वेक्षणबाट अधिकांश व्यक्ति (४५.२ प्रतिशत) ९ देखि १२ कक्षासम्मको अध्ययन सम्पन्न गरी वैदेशिक रोजगारीमा जाने गरेको देखिएको छ ।

**तालिका नं. ३.२: वैदेशिक रोजगारीमा जाने/फर्कने व्यक्तिको पेशा र शैक्षिक योग्यता**

| पेशा | शैक्षिक योग्यता | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | सामान्य लेखपढ | १-८ कक्षा पास | ९-१२ कक्षा पास | १२ भन्दा माथि | | |
| कृषि | २६ | ३९ | ४५ | ५ | ११५ | २९.९ |
| व्यवसाय | १ | ९ | ८ | - | १८ | ४.७ |
| जागिर | ४ | १० | २८ | १३ | ५५ | १४.३ |
| विद्यार्थी | ३ | १६ | ४८ | २७ | ९४ | २४.४ |
| बेरोजगार | ११ | १६ | २२ | ७ | ५६ | १४.५ |
| स्वरोजगार तथा अन्य | ९ | १२ | २३ | ३ | ४७ | १२.२ |
| **जम्मा** | ५४ | १०२ | १७४ | ५५ | ३८५ | १०० |
| **प्रतिशत** | १४.० | २६.५ | ४५.२ | १४.३ | १०० | |

*स्रोत: स्थलगत सर्वेक्षण*

**पेशा:** वैदेशिक रोजगारीमा सहभागीमध्ये कृषि पेशामा रहेका व्यक्तिहरूको संख्या सबैभन्दा बढी अर्थात २९.९ प्रतिशत रहेको छ भने त्यसपछि विद्यार्थी २४.४ प्रतिशत रहेका छन् । यस बाहेक बेरोजगार १४.५ प्रतिशत र जागिरेको संख्या १४.३ प्रतिशत रहेको छ । यसको अतिरिक्त विभिन्न व्यवसाय छोडेर पनि वैदेशिक रोजगारीमा जानेको संख्या ४.७ प्रतिशत रहेको छ ।

### *३.१.२ वैदेशिक रोजगारीको विवरण*

**रोजगारीको गन्तव्य मुलुक:** स्थलगत सर्वेक्षणमा समेटिएका कुल ३८५ व्यक्तिहरुले विभिन्न ३० मुलकहरुलाई रोजगारीको गन्तव्य बनाएको देखिन्छ । यसमध्ये १२.५ प्रतिशत भारत जान लागेको वा फर्किएका छन् । बाँकी ८७.५ प्रतिशतले भारत बाहेक अन्य मुलुकहरुमा जान लागेको वा फर्किएको उल्लेख गरेका छन् ।


**तालिका ३.३: वैदेशिक रोजगारीको गन्तव्य**

| गन्तव्य | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| भारत | २ | ४६ | ४८ | १२.५ |
| अन्य मुलुक | ७२ | २६५ | ३३७ | ८७.५ |
| जम्मा | ७४ | ३११ | ३८५ | १००.० |
| भारतमा जाने प्रतिशत | २.७ | १४.८ | | |

*स्रोत: स्थलगत सर्वेक्षण*

भारत बाहेक अन्य मुलुकहरुमा रोजगारीमा जान लागेका वा फर्किएका मध्ये सबैभन्दा बढीको गन्तव्य मलेशिया रहेको छ भने त्यसपछि कतार, साउदी अरब, युएई र कुवेत लगायतका मुलुकहरु रहेका छन् ।

चार्ट ३.१: भारत वाहेकका देशहरुमा रोजगारी गन्तव्य




*स्रोतः स्थलगत सर्वेक्षण*

### *३.१.३ विप्रेषण आप्रवाह*

वैदेशिक रोजगारीबाट फर्किएका वा विगतमा कम्तीमा एक पटक गएका २७० व्यक्ति मध्ये १८.५ प्रतिशतको आय रु.२० हजारभन्दा कम रहेको छ भने करिब ५५ प्रतिशतको रु.४० हजारभन्दा बढी रहेको छ । करिब एक चौथाईको आम्दानी रु.२० देखि ४० हजार रहेको छ । स्थलगत सर्वेक्षणको क्रममा रु.२० हजारभन्दा कम आम्दानी हुनेमध्ये अधिकांश भारततर्फको रोजगारीमा रहेका छन् ।

**तालिका ३.४: विप्रेषण आय**

| रकम | | | भित्र्याउने माध्यम | | |
|---|---|---|---|---|---|
| रु. हजारमा | संख्या | प्रतिशत | माध्यम | संख्या | प्रतिशत |
| २० भन्दा कम | ५० | १८.५ | बैकिङ्ग/रेमिट कम्पनी | २४९ | ९२.२ |
| २०-४० | ७२ | २६.७ | साथी | २१ | ७.८ |
| ४० भन्दा बढी | १४८ | ५४.८ | | | |
| जम्मा | २७० | १००.० | जम्मा | २७० | १००.० |

*स्रोतः स्थलगत सर्वेक्षण*

नेपाल सरकार र यस बैंकले विगतदेखि विप्रेषण आय बैंकिङ्ग प्रणालीबाट भित्र्याउन गरिरहेको प्रयासको परिणाम स्वरुप सर्वेक्षणमा समावेश वैदेशिक रोजगारीमा रहेका जम्मा २७० व्यक्ति मध्ये ९२.२ प्रतिशतले विप्रेषण आय बैंक तथा वित्तीय संस्था र रेमिट कम्पनीहरु मार्फत नेपाल पठाएको बताएका छन् । यसमध्ये ७.८ प्रतिशतले मात्र साथी मार्फत् विदेशी मुद्रा पठाएको उल्लेख गरेका छन् ।

### *३.१.४ वैदेशिक रोजगार बचतपत्र सम्बन्धमा जानकारी र खरिद-बिक्री*

स्थलगत सर्वेक्षणमा समेटिएका कुल ३८५ मध्ये १२.५ प्रतिशत (४८ जना) मात्र वैदेशिक रोजगार बचतपत्रबारेमा जानकार रहेको देखिन्छ भने ८७.५ प्रतिशत अनभिज्ञ रहेको पाइएको छ । कुल ७४ महिलामध्ये ६.८ प्रतिशतलाई मात्र बचतपत्रको बारेमा जानकारी रहेको छ ।


**तालिका ३.५: वैदेशिक रोजगार बचतपत्रबारे जानकारी र तालिम**

| वैदेशिक रोजगार बचतपत्रबारे जानकारी रहे/नरहेको | | | | | अभिमुखीकरण तालिममा बचतपत्रबारे जानकारी दिएको/नदिएको | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | महिला | पुरूष | जम्मा | प्रतिशत | प्रकार | महिला | पुरूष | जम्मा | प्रतिशत |
| जानकारी भएको | ५ | ४३ | ४८ | १२.५ | दिएको | ६ | २७ | ३३ | ८.६ |
| जानकारी नभएको | ६९ | २६८ | ३३७ | ८७.५ | नदिएको | ६८ | २८४ | ३५२ | ९१.४ |
| जम्मा | ७४ | ३११ | ३८५ | १००.० | जम्मा | ७४ | ३११ | ३८५ | १००.० |
| जानकारी भएको प्रतिशत | ६.८ | १३.८ | | | रहेको प्रतिशत | ८.१ | ८.७ | | |

*स्रोत: स्थलगत सर्वेक्षण*

नेपाल सरकार, वैदेशिक रोजगार विभाग र म्यानपावर कम्पनीहरुले वैदेशिक रोजगारीमा पठाउनु अघि अभिमुखीकरण तालिम प्रदान गर्दै आएको सन्दर्भमा स्थलगत सर्वेक्षणमा समेटिएका ३८५ व्यक्ति मध्ये ८.६ प्रतिशतले मात्र यस्तो विषय अभिमुखीकरण तालिममा जानकारी दिएको बताएका छन् ।

***चार्ट ३.२: वैदेशिक रोजगार बचतपत्रबारे जानकारी***




स्थलगत सर्वेक्षणको क्रममा वैदेशिक रोजगार बचतपत्रको बारेमा जानकारी भएका कसैले पनि बचतपत्र खरिद गरेको उल्लेख गरेका छैनन् । वैदेशिक रोजगार बचतपत्रको बारेमा जानकारी भएर पनि खरिद नगरेका त्यस्ता ४८ व्यक्तिमध्ये ३९.५ प्रतिशतले पर्याप्त जानकारी नभएको उल्लेख गरेका छन् भने २७.० प्रतिशतले खरिद प्रक्रिया झण्झटिलो भएको उल्लेख गरेका छन् । त्यसैगरी सर्वेक्षणमा १२.५ प्रतिशतले बचतपत्र खरिद गर्ने रकमको अभाव रहेको उल्लेख गरेका छन् । बाँकी २१.० प्रतिशतले भने बचतपत्रको प्रमाणपत्र सजिलै प्राप्त नहुने र ब्याज प्राप्त गर्न धाउनु पर्ने लगायतका कारण उल्लेख गरेका छन् ।

### *३.१.५ वैदेशिक रोजगार बचतपत्र बिक्री प्रवर्द्धन गर्ने उपायहरु*

स्थलगत सर्वेक्षणको क्रममा वैदेशिक रोजगार बचतपत्रको बारेमा जानकारी भएका जम्मा ४८ व्यक्तिमध्ये २९.२ प्रतिशतले ब्याज छिटो पाउने भएमा र ५६.२ प्रतिशतले ब्याज रकम बैंक खाता मार्फत् सीधै पाउने व्यवस्था भएमा यस्तो बचतपत्र खरिद गर्ने उल्लेख गरेका छन् । यसमध्ये १४.६ प्रतिशतले भने खरिद प्रक्रिया सजिलो भएमा बचतपत्र खरिद गर्ने उल्लेख गरेका छन् ।

त्यस्ता कुल ४८ व्यक्तिहरुले वैदेशिक रोजगार बचतपत्रको सामाजिक सञ्जाल मार्फत् प्रचार-प्रसार बढाउनुको साथै बचतपत्रलाई डिम्याट गर्ने र ब्याजदर बढाउने कार्यले बचतपत्र आकर्षक हुने उल्लेख गरेका छन् ।

**तालिका ३.६: वैदेशिक रोजगार बचतपत्र प्रवर्द्धन गर्ने उपाय**

| बचतपत्र खरिद गर्न इच्छुक अवस्था | | | वैदेशिक रोजगार बचतपत्र प्रवर्द्धनका उपाय | | |
|---|---|---|---|---|---|
| **प्रकार** | **संख्या** | **प्रतिशत** | **प्रकार** | **संख्या** | **प्रतिशत** |
| ब्याज छिटो छिटो दिनु पर्ने | १४ | २९.२ | सामाजिक सञ्जाल मार्फत् प्रचार-प्रसार | १९ | ३९.६ |
| बैक खाता मार्फत् ब्याज भुक्तानी | २७ | ५६.२ | ब्याजदर बढाउनु पर्ने | १० | २०.८ |
| खरिद-बिक्री प्रक्रियामा सरलीकरण | ७ | १४.६ | डिम्याट गर्नु पर्ने | १९ | ३९.६ |
| जम्मा | ४८ | १०० | जम्मा | ४८ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण*

### ३.२ बिक्री एजेण्ट र बजार निर्माताहरुको खरिद बिक्रीमा तत्परता

वैदेशिक रोजगार बचतपत्र बिक्री एजेण्ट मार्फत् बिक्री हुने भएकोले यस्ता व्यक्ति र संस्थाहरुको बचतपत्र प्रवर्द्धनमा महत्वपूर्ण भूमिका रहन्छ । तसर्थ, अध्ययन विधिमा उल्लेख गरिए अनुसार १३ बिक्री एजेण्टका ६३ व्यक्तिहरुसँग अनुसूची २ मा उल्लिखित प्रश्नावलीको इमेल सर्वेक्षण गरिएकोमा कतार, संयुक्त अरब इमिरेट्स, कुवेत, मलेसिया, साउदी अरब र जापानमा कार्यरत जम्मा १६ (२५.४०%) प्रतिनिधिहरुबाट मात्र ईमेल मार्फत् सोधिएका प्रश्नहरुको जवाफ प्राप्त भएको छ ।

सर्वेक्षणमा सहभागी सबै प्रतिनिधिहरुले वैदेशिक रोजगार बचतपत्रको नियम, कार्यविधि, प्रावधान, सूचना, ब्याजदर र शर्तहरूको बारेमा जानकारी भएको उल्लेख गरेका छन् । साथै, त्यस्ता प्रतिनिधिहरुलाई वैदेशिक रोजगार बचतपत्र निष्काशनको सूचना नियमित तथा अद्यावधिक रूपमा उपलब्ध हुने गरेको देखिएको छ । सूचनाको प्रमुख स्रोत नेपाल राष्ट्र बैंकको वेबसाइट हुने गरेको उल्लेख गरेका छन् । इमेल सर्वेक्षणमा सहभागी विदेश स्थित १६ प्रतिनिधिहरुमध्ये ६२.५ प्रतिशतले मात्र रोजगारीमा रहेका नेपालीहरुले वैदेशिक रोजगार बचतपत्रको बारेमा जानकारी माग गरेको उल्लेख गरेका छन् भने बाँकी ३७.५ प्रतिशत प्रतिनिधिहरुले कसैबाट सोधनी नभएको उल्लेख गरेका छन् ।

वैदेशिक रोजगार बचतपत्र प्रवर्द्धनका लागि बिक्री एजेण्टका प्रतिनिधिहरुबाट बचतपत्रको ब्याज भुक्तानी बैंक खाता मार्फत् गर्नु पर्ने, ब्याजदर बढाउनु पर्ने, डिम्याट गर्नु पर्ने र प्रचार-प्रसारमा जोड दिनु पर्ने सुझावहरु प्राप्त भएको छ ।

**तालिका ३.७: बचतपत्रको बिक्री बढाउने उपाय (बिक्री एजेण्ट)**

| उपायहरु | जम्मा | प्रतिशत |
|---|---|---|
| १. बैंक खाता मार्फत् ब्याज भुक्तानी | ६ | १८.२ |
| २. ब्याजदर बढाउनु पर्ने | ७ | २१.२ |
| ३. प्रचार-प्रसार | ९ | २७.३ |
| ४. डिम्याट गर्नु पर्ने | ५ | १५.१ |
| ५. बीमा लगाायतका सुविधाको व्यवस्था | ६ | १८.२ |
| जम्मा | ३३ | १००.० |

*स्रोत: इमेल सर्वेक्षण*

## ३.३ म्यानपावर कम्पनीलाई वैदेशिक रोजगार बचतपत्रबारे जानकारी

नेपालमा म्यानपावर कम्पनीले वैदेशिक रोजगारीमा जानेको लागि अभिमुखीकरण तालिम सहितको अन्य आवश्यक प्रबन्ध मिलाउने व्यवस्था रहेको छ । यी कम्पनीहरुलाई वैदेशिक रोजगार बचतपत्रको जानकारी भएमा र त्यस्ता अभिमुखीकरण तालिममा बचतपत्रको विषय समावेश हुन सकेमा बचतपत्र बिक्री प्रोत्साहित हुने देखिएको छ ।

अध्ययन विधिमा उल्लेख गरिए अनुसार नेपालमा करिब ७०० को हाराहारीमा सञ्चालनमा रहेका म्यानपावर कम्पनीमध्ये Randomly छनौट गरिएका १० प्रतिशत (७० जना) कम्पनीका सञ्चालक वा प्रतिनिधिसँग अनुसूची ३ मा संलग्न प्रश्नावलीमा आधारित टेलिफोन सर्वेक्षण सम्पन्न गरिएको छ। टेलिफोन सर्वेक्षणमा समावेश अधिकांश कम्पनीका प्रतिनिधिहरुले नेपाली नागरिकलाई वैदेशिक रोजगारीमा पठाउनु अघिको अभिमुखीकरण तालिममा विप्रेषण आय औपचारिक माध्यमबाट सुरक्षित तवरले पठाउने उपायहरु बताउने गरेको उल्लेख गरेका छन् ।

**तालिका ३.८: वैदेशिक रोजगार बचतपत्रबारे जानकारी**

| बचतपत्रबारे कम्पनीलाई जानकारी | | | कामदारले बचतपत्रबारे सोधखोज | | |
|---|---|---|---|---|---|
| जानकारी | संख्या | प्रतिशत | सोधखोज | संख्या | प्रतिशत |
| १. भएको | १७ | २४.३ | १. भएको | ९ | १२.८ |
| २. नभएको | ५३ | ७५.७ | २. नभएको | ६१ | ८७.२ |
| जम्मा | ७० | | जम्मा | ७० | |

*स्रोत: टेलिफोन सर्वेक्षण*

टेलिफोन मार्फत् काठमाडौं स्थित विभिन्न ७० म्यानपावर कम्पनीका सञ्चालक वा प्रतिनिधिसँग गरिएको सर्वेक्षण अनुसार तीन चौथाई भन्दा बढी वैदेशिक रोजगार बचतपत्रको बारेमा अनभिज्ञ रहेको पाइएको छ भने एक चौथाई भन्दा कमलाई मात्र यसबारे सामान्य जानकारी रहेको देखिएको

छ। रोजगारीमा जाने १२.८ प्रतिशत कामदारले मात्र वैदेशिक रोजगार बचतपत्रको बारेमा सोधपुछ गर्ने गरेको बताएका छन् ।

वैदेशिक रोजगार बचतपत्रको बिक्री प्रवर्द्धन गर्ने सन्दर्भमा, म्यानपावर कम्पनीका प्रतिनिधिहरूबाट मूलतः प्रचार-प्रचार बढाउनु पर्ने, अभिमुखीकरण तालिममा समावेश गर्नुपर्ने र मोबाइलमार्फत् सूचना प्रवाह गर्नुपर्ने लगायतका सुझावहरु प्राप्त भएको छ ।

**तालिका ३.९: बचतपत्रको बिक्री बढाउने उपाय (म्यानपावर कम्पनी)**

| उपायहरु | जम्मा | प्रतिशत |
|---|---|---|
| १. तालिम तथा अभिमुखीकरण | ३२ | ४५.७ |
| २. प्रचार-प्रसार | १५ | २१.४ |
| ३. जानकारी प्रवाह गर्ने | १० | १४.३ |
| ४. अन्तरक्रिया कार्यक्रम | ५ | ७.२ |
| ५. मोबाइल मार्फत् जानकारी | ४ | ५.७ |
| ६. अन्य | ४ | ५.७ |
| जम्मा | ७० | १००.० |

*स्रोत: टेलिफोन सर्वेक्षण*

## ३.४ अन्तरक्रियाबाट प्राप्त सुझाव

उपरोक्त स्थलगत सर्वेक्षण, टेलिफोन सर्वेक्षण र इमेल सर्वेक्षणको नतिजा पश्चात २०८१ असार ७ मा बजार निर्माता, बिक्री एजेण्ट, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, म्यानपावर कम्पनी र रेमिट कम्पनी लगायतका करिब ५० प्रतिनिधिहरुको सहभागितामा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । अन्तरक्रिया कार्यक्रममा सहभागीहरुले मूलतः वैदेशिक रोजगार बचतपत्रबारे प्रचार-प्रसार नपुगेको, खरिद-बिक्री विधि र पद्दति झण्झटिलो भएको, म्यानपावर कम्पनीहरुलाई प्रचार-प्रसारमा संलग्न गराउन नसकिएको लगायतका कारणले यस्तो बचतपत्र रोजगारीमा जाने व्यक्तिको आकर्षण बन्न नसकेको विचार व्यक्त गरेका छन् । सहभागीहरुबाट यस्तो बचतपत्र परिचालन गरी आन्तरिक ऋण परिचालन अभिवृद्धि गर्न देहाय बमोजिमका सुझाव प्राप्त भएको छ ।

- फेसबुक लगायतका सामाजिक सञ्जाल मार्फत् छोटो भिडियो क्लीप मार्फत् प्रचार-प्रसारमा तीव्रता दिने,
- बचतपत्रको खरिद-बिक्री पूर्णरुपमा विद्युतीय माध्यमबाट हुने बनाउने र बचतपत्र खरिदको आवेदन दिँदा कागजात सजिलोसँग अपलोड हुने व्यवस्था मिलाउने । खासगरी, वैदेशिक रोजगार बचतपत्र बिक्री गर्ने व्यवस्था सिडिएससी प्रणालीको मेरो शेयरमा आइपिओ खरिद प्रक्रिया अनुरुप बनाउने,
- म्यानपावर कम्पनीहरुको अभिमुखीकरण कार्यक्रममा वैदेशिक रोजगार बचतपत्रको जानकारी दिने व्यवस्था मिलाउने,

- वैदेशिक रोजगार व्यवस्थापनमा संलग्न निकायहरु म्यानपावर कम्पनी, राहदानी कार्यालय र वैदेशिक रोजगार विभागको बडापत्रमा वैदेशिक रोजगार बचतपत्रबारे जानकारी गराउने,
- बिक्री एजेण्टहरुलाई नियमित तालिम प्रदान गर्ने,
- बर्षभरी वा आव्हान गरिएको बचतपत्र बिक्री नभएसम्म बिक्री खुला राख्ने,

# परिच्छेद ४
# सारांश, निष्कर्ष तथा सुझाव

## ४.१ सारांश तथा निष्कर्ष

नेपाल सरकारले विदेशमा रहेका नेपाली नागरिकलाई बचतमा प्रोत्साहित गर्दै आन्तरिक ऋणमा योगदान बढाउने उद्देश्यले आर्थिक वर्ष २०६६/६७ देखि वैदेशिक रोजगार बचतपत्रको शुरुवात गरेको हो । वैदेशिक रोजगारीमा आकर्षण बढिरहेको सन्दर्भमा यस्तो बचतपत्रको प्रावधानले एकातर्फ विप्रेषण आय बैंकिङ्ग प्रणालीबाट भित्र्याउन प्रोत्साहित गर्ने र अर्कोतर्फ विदेशमा रहेको पूँजी आकर्षित गरी अर्थतन्त्रमा समग्र साधन परिचालनको स्तर बढाउन सहयोग पुग्ने देखिन्छ।

वैदेशिक रोजगार बचतपत्रको ब्याजदर तुलनात्मक रुपमा आकर्षक रहेको छ। पछिल्ला वर्षहरुमा बचतपत्रमा लगानी गर्न प्रोत्साहित गर्ने उद्देश्यले प्रचार-प्रसार बढाउनुको साथै रोजगारीमा पठाउने निकाय र कुटनीतिक नियोगहरुलाई समेत बचतपत्र प्रवर्द्धनका लागि परिचालन गरिएको छ । यस्ता प्रयास र व्यवस्थाहरुको बावजुद वैदेशिक रोजगार बचतपत्रमा विदेशमा रहेका नेपालीहरुको आकर्षण देखिएको छैन । तसर्थ, आगामी वर्षहरुमा वैदेशिक रोजगार बचतपत्रको परिचालनबाट आन्तरिक ऋणमा योगदान बढाउन विद्यमान समस्या पहिचान गर्दै प्रवर्द्धनका उपायहरु सुझाउने उद्देश्यले यो अध्ययन सम्पन्न गरिएको छ।

अध्ययन मूलतः दुई प्रकारका विधिहरु अवलम्बन गरी सम्पन्न गरिएको छ । वैदेशिक रोजगार बचतपत्रको व्यवस्था, परिचालन स्थिति र योगदानको समग्र विश्लेषण विभिन्न तथ्याङ्क तथा विवरणको आधारमा गरिएको छ । वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई वैदेशिक रोजगार बचतपत्रबारे जानकारी, खरिद गर्ने तत्परता, खरिद गर्न चाहने/नचाहने कारण र प्रवर्द्धनका उपायहरुको विश्लेषणको लागि तीन प्रकारका नमूना सर्वेक्षणहरु सम्पन्न गरिएको छ।

पहिलो, वैदेशिक रोजगारबाट फर्किएका वा पुनः जान लागेका ३८५ नेपाली नागरिकसँग स्थलगत सर्वेक्षण गरिएको छ। दोस्रो, वैदेशिक रोजगारीमा पठाउने ७० म्यानपावर कम्पनीलाई बचतपत्रबारे जानकारी भए/नभएको वा अभिमुखीकरण तालिममा यस्तो जानकारी गराउने गरे/नगरेको सम्बन्धमा टेलिफोन सर्वेक्षण गरिएको छ । तेस्रो, बचतपत्र बिक्री गर्न इजाजतपत्र प्राप्त बिक्री एजेण्टहरुसँग बचतपत्रको बिक्री पहल लगायतको स्थिति विश्लेषण गर्न इमेल सर्वेक्षण सम्पन्न गरिएको छ। साथै, वैदेशिक रोजगार बचतपत्रको समग्र स्थिति विश्लेषण गर्दै प्रवर्द्धनका उपायहरु पहिचान गर्न सामूहिक छलफल समेत गरिएको छ।

अध्ययन अनुसार वैदेशिक रोजगार बचतपत्र परिचालनको स्थिति देहाय बमोजिम रहेको छ ।

### *४.१.१ वैदेशिक रोजगार बचतपत्र सम्बन्धी व्यवस्था*

- राष्ट्र ऋण ऐन, २०५९ र राष्ट्र ऋण विनियमावली, २०५९ बमोजिम वैदेशिक रोजागार बचतपत्रको निष्काशन र व्यवस्थापन कार्य विगतदेखि नेपाल राष्ट्र बैंकबाट हुँदै आएकोमा सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ र सार्वजनकि ऋण व्यवस्थापन नियमावली, २०८० कार्यान्वयनमा आएपश्चात् २०८१ बैशाखदेखि यस्तो बचतपत्र लगायत नेपाल सरकारको सम्पूर्ण आन्तरिक ऋण निष्काशन र व्यवस्थापन कार्य सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट हुन थालेको छ ।
- २०८० चैतसम्म ३६ बैंक तथा वित्तीय संस्थाहरुलाई बजार निर्माताको कार्य गर्न र बैंक तथा वित्तीय संस्था र रेमिट कम्पनी गरी १४ संस्थाहरुलाई वैदेशिक रोजगार बचतपत्र बिक्री एजेण्टको इजाजतपत्र दिइएको छ । उक्त अवधिमा बिक्री एजेण्टहरुका विभिन्न १३ मुलुकमा ६३ प्रतिनिधिहरु रहेका छन् ।
- वैदेशिक रोजगार बचतपत्र बिक्री गरेबापत् बिक्री एजेण्टहरुले बिक्री रकमको ०.६५ प्रतिशत कमिशन पाउने व्यवस्था रहेको छ ।
- आन्तरिक ऋण परिचालनको क्रममा वैदेशिक रोजगार बचतपत्रबाट परिचालन हुने रकम, समयावधि, ब्याजदर र निष्काशन समय अर्थ मन्त्रालयबाट निर्धारण हुने व्यवस्था छ ।
- वैदेशिक रोजगार बचतपत्र सम्बन्धी कार्यविधि, २०६९ (दोस्रो संशोधन, २०७६) अनुसार वैदेशिक रोजगारीमा रहेका तथा रोजगारीबाट फर्किएको ६ महिना व्यतित हुन बाँकी नेपाली नागरिक तथा निजका एकाघर परिवारका सदस्य र गैर आवासीय नेपालीले समेत बिक्री एजेण्ट मार्फत् यस्तो बचतपत्र खरिद गर्न पाउने व्यवस्था रहेको छ । बचतपत्र खरिद गर्न नेपाली राहदानीको प्रतिलिपि, वैदेशिक रोजगारीको परिचयपत्र र विप्रेषण आय प्राप्त गरेको प्रमाण आवश्यक हुन्छ ।
- वैदेशिक रोजगार बचतपत्र नेपाल सरकारले निष्काशन गर्ने भएकोले पूर्ण सुरक्षित हुने, खरिदकर्ताको आवश्यकता अनुसार स्टक वा प्रमिसरी नोटको रुपमा खरिद गर्न पाउने, न्यूनतम रु.१० हजार र बढीमा कुल आह्वान रकमको सीमामा नबढाई १० हजारले निःशेष भाग जाने अंक बराबर खरिद गर्न सकिने र बैंक तथा वित्तीय संस्थामा धितो राखी कर्जा लिन सकिने लगायतका विशेषता रहेका छन् ।

### *४.१.२ वैदेशिक रोजगार बचतपत्र परिचालनको स्थिति*

- आर्थिक वर्ष २०६६/६७ देखि २०७९/८० सम्मका १३ वर्षहरुमा २५ पटक गरी जम्मा रू.१५ अर्ब ५६ करोड वैदेशिक रोजगार बचतपत्र आव्हान भएकोमा जम्मा रू.७६ करोड २३ लाख बिक्री भएको देखिन्छ । आर्थिक वर्ष २०७५/७६ मा यस्तो बचतपत्र आव्हान भएन । यस अवधिमा औसत आव्हान रु.६२ करोड भएको छ भने औसतमा आव्हान गरिएको रकमको ४.९ प्रतिशतमात्र बिक्री हुन सकेको छ ।

- वैदेशिक रोजगार बचतपत्र ५ वर्षको लागि निष्काशन हुने गरेको छ भने बैंक तथा वित्तीय संस्थाहरुको तत्कालीन मुद्दती निक्षेपको भन्दा उच्च ब्याजदर निर्धारण हुने गरेको छ ।
- विगत १० वर्षमा कुल आन्तरिक ऋणमा वैदेशिक रोजगार बचतपत्रको योगदान ०.०६ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७९/८० मा समेत कुल आन्तरिक ऋणमा वैदेशिक रोजगार बचतपत्रको अंश ०.०१ प्रतिशत रहेको छ ।

### *४.१.३ वैदेशिक रोजगार बचतपत्रबारे जानकारी र खरिदमा तत्परताबारे नमूना सर्वेक्षणको नतिजा*

- काठमाडौं स्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, बसपार्क, म्यानपावर कम्पनी र श्रम विभागमा तथा काठमाडौं बाहिरका झापा-काँकडभिट्टा, वीरगञ्ज-रक्सौल, भैरहवा-सुनौली र धनगढी-गौरीफण्टाका नाकाहरुमा वैदेशिक रोजगारीमा जान लागेका र फर्किएको ६ महिना नपुगेका जम्मा ३८५ नेपाली नागरिकसँग स्थलगत सर्वेक्षण सम्पन्न गरिएको छ । यसमध्ये महिलाको संख्या १९.२ प्रतिशत र पुरुषको संख्या ८०.८ प्रतिशत रहेको छ । सर्वेक्षणमा समेटिएका व्यक्तिहरुको बासस्थान ६४ जिल्लाहरुमा रहेको छ ।
- स्थलगत सर्वेक्षणमा कुल ३८५ व्यक्तिमध्ये १४.३ प्रतिशतको शैक्षिक योग्यता कक्षा १२ वा सोभन्दा बढी रहेको छ भने १४ प्रतिशतले सामान्य लेखपढ गर्न मात्र जानेका छन् । स्थलगत सर्वेक्षणमा समेटिएका अधिकांश व्यक्तिहरु (४५.२ प्रतिशत) भने ९ देखि १२ कक्षासम्मको अध्ययन गरी वैदेशिक रोजगारीमा गएको देखिन्छ ।
- स्थलगत सर्वेक्षणमा समेटिएका ३८५ नागरिकहरुमध्ये कृषि पेशा गर्ने २९.९ प्रतिशत, विद्यार्थी २४.४ प्रतिशत, बेरोजगार १४.५ प्रतिशत, जागिरमा रहेका १४.३ र पेशा र व्यवसायमा रहेका ४.७ प्रतिशत रहेका छन् । यसमध्ये करिब ३० प्रतिशत व्यक्ति पहिलो पटक वैदेशिक रोजगारीमा जान लागेका छन् भने बाँकी ७० प्रतिशत पटक-पटक गएको देखिन्छ ।
- स्थलगत सर्वेक्षणमा समेटिएका कुल ३८५ मध्ये १२.५ प्रतिशतलाई मात्र वैदेशिक रोजगार बचतपत्रको बारेमा जानकारी रहेको उल्लेख गरेका छन् । कुल ७४ महिलामध्ये ६.८ प्रतिशतलाई मात्र बचतपत्रको बारेमा जानकारी रहेको छ । स्थलगत सर्वेक्षणमा समेटिएका कसैले पनि बचतपत्र खरिद गरेको देखिएन ।
- वैदेशिक रोजगार बचतपत्रका बारेमा जानकारी भएर पनि खरिद नगरेका व्यक्तिमध्ये ३९.५ प्रतिशतले पर्याप्त जानकारी नभएको उल्लेख गरेका छन् भने २७.० प्रतिशतले खरिद प्रक्रिया झण्झटिलो भएको उल्लेख गरेका छन् । त्यसैगरी सर्वेक्षणमा १२.५ प्रतिशतले बचतपत्र खरिद गर्ने रकमको अभाव रहेको उल्लेख गरेका छन् । बाँकी २१.० प्रतिशतले भने बचतपत्रको प्रमाणपत्र सजिलै प्राप्त नहुने र ब्याज प्राप्त गर्न धाउनु पर्ने लगायतका कारण उल्लेख गरेका छन् ।

- नेपाल सरकार, वैदेशिक रोजगार विभाग र म्यानपावर कम्पनीहरुले वैदेशिक रोजगारीमा पठाउनु अघि अभिमुखीकरण तालिम प्रदान गर्दै आएको सन्दर्भमा स्थलगत सर्वेक्षणमा समेटिएकामध्ये ८.५ प्रतिशतले मात्र यस्तो विषय अभिमुखीकरणमा समावेश भएको उल्लेख गरेका छन् ।
- बिक्री एजेण्टका विभिन्न ५ मुलुकमा रहेका १६ प्रतिनिधिहरुसँग गरिएको इमेल सर्वेक्षण अनुसार ६२.५ प्रतिशतले वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले वैदेशिक रोजगार बचतपत्रको बारेमा सोधनी गरेको उल्लेख गरेका छन् ।
- टेलिफोन मार्फत् काठमाडौं स्थित विभिन्न ७० म्यानपावर कम्पनीका सञ्चालक वा प्रतिनिधिसँग गरिएको सर्वेक्षण अनुसार २४.३ प्रतिशतले वैदेशिक रोजगार बचतपत्रको बारेमा जानकारी भएको र १२.८ प्रतिशतले भने रोजगारीमा जानेले यस्तो बचतपत्रको बारेमा सोधपुछ गर्ने गरेको उल्लेख गरेका छन् ।
- समग्रमा वैदेशिक रोजगारीमा जाने व्यक्ति र पठाउने निकायहरुलाई वैदेशिक रोजगार बचतपत्रको जानकारी न्यून रहेको देखिएको छ । उपरोक्त पृष्ठभूमिमा वैदेशिक रोजगार बचतपत्रको बिक्री बढाउन उल्लेख्य सुधारको आवश्यकता देखिएको छ ।

## ४.२ सुझाव

### *४.२.१ नीतिगत सुधार*

- वैदेशिक रोजगार बचतपत्रको अभौतिकीकरण गर्नुको साथै परिपक्व भएको साँवा र ब्याज खरिदकर्ताको बैंक खातामा प्राप्त हुने व्यवस्था मिलाउन आवश्यक छ ।
- वैदेशिक रोजगार बचतपत्रको खरिद-बिक्री प्रक्रिया पूर्ण रुपमा अनलाइन माध्यमबाट गर्न सक्ने व्यवस्था मिलाउनुको साथै विदेश स्थित विदेशी मुद्राको बैंक खाताबाट समेत खरिद गर्न सक्ने व्यवस्था मिलाउने र रोजगारीको गन्तव्य मुलुकमा वैदेशिक रोजगार बचतपत्र खरिदमा बन्देज लगाइएमा श्रम सम्झौता मार्फत् सम्बोधन गर्ने ।
- नेपाल सरकारले सबै नेपाली नागरिकको लागि नागरिक बचतपत्र र वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकका लागि वैदेशिक रोजगार बचतपत्र निष्काशन गर्दै आएकोमा सबै नेपालीको लागि एकै प्रकारको र समान ब्याजदरको बचतपत्र निष्काशन गर्ने तर गैर आवासीय नेपाली र वैदेशिक रोजगारीमा रहेका नेपालीलाई बचतपत्र खरिदमा थप प्रोत्साहित गर्न विनिमयदर मार्फत् सहुलियत दिने व्यवस्था मिलाउने (खरेल, २०८१) ।
- सरकारले बजेट घाटा परिपूर्तिको लागि बचतपत्र निष्काशन गर्ने व्यवस्था रहेकोमा आगामी वर्षहरुमा मुलुकको सर्वाधिक महत्वका पूर्वाधार आयोजना लक्षित वित्तीय साधन जुटाउन वैदेशिक रोजगार बचतपत्र निष्काशन गर्ने व्यवस्था मिलाउने ।

### *४.२.२ प्रकृयागत सुधार*

- बचतपत्रको आर्जित ब्याज र परिपक्व भएको साँवा बचतपत्र धनीको बैंक खातामा सोझै उपलब्ध हुने व्यवस्था मिलाउने ।
- बचतपत्रको प्रमाणपत्र तत्काल उपलब्ध हुने वा अनलाइन मार्फत् प्राप्त हुने व्यवस्था मिलाउने ।
- हाल बचतपत्र वर्षको एकपटक छोटो अवधिका लागि मात्र आव्हान हुने गरेको छ । यस्तो बचतपत्र आर्थिक वर्षको शुरुमा निष्काशन गर्ने र आव्हान रकम बिक्री नभएसम्म खुला रहने व्यवस्था मिलाउने ।
- भारतीय श्रमबजारबाट फर्किने कामदारलाई लक्षित गरी नेपाल-भारतका मुख्य नाका नजिक रहेका मनिचेञ्जरलाई समेत बचतपत्रको सूचना तथा बिक्री केन्द्रका रूपमा विकास गर्ने ।

### *४.२.३ प्रचार-प्रसारमा जोड दिने*

- सामाजिक सञ्जालमा वैदेशिक रोजगार बचतपत्रको व्यापक प्रचार-प्रसार गर्ने ।
- वैदेशिक रोजगार विभाग वा म्यानपावर कम्पनीबाट वैदेशिक रोजगारीमा जाने व्यक्तिको इमेल र मोबाइल प्राप्त गरी बचतपत्र निष्काशनको विवरण व्यक्तिलाई उपलब्ध गराउने ।
- नेपालबाट वैदेशिक रोजगारीका आकर्षक गन्तव्य रहेका मुलुकस्थित नेपालका कुटनीतिक नियोगमार्फत् वैदेशिक रोजगार बचतपत्रको प्रचार-प्रसारमा तीव्रता दिने ।
- नेपालमा विप्रेषण रकम मूल रूपमा रेमिट्यान्स कम्पनीका माध्यमबाट भित्रिने गरेकाले ती कम्पनीहरूको माध्यमबाट समेत वैदेशिक रोजगार बचतपत्रको लगानीका बारेमा जानकारी प्रवाह गर्ने ।
- रोजगारीमा जाने व्यक्तिलाई श्रम विभाग, वैदेशिक रोजगार कम्पनी र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित श्रम डेस्क मार्फत् वैदेशिक रोजगार बचतपत्रको फाइदाका सम्बन्धमा ब्रोसर वा पुस्तिकाका माध्यमबाट जानकारी गराइ प्रचार-प्रसार गर्ने ।

### *४.२.४ अभिमुखीकरण तालिम र अन्तरक्रिया*

- रोजगारीमा जाने व्यक्तिको लागि आयोजना गरिने अभिमुखीकरण तालिममा वैदेशिक रोजगार बचतपत्रको जानकारी अनिवार्य बनाउने ।
- वैदेशिक रोजगार विभाग, म्यानपावर कम्पनी, विदेश स्थित कुटनीतिक नियोग, गैर आवासीय नेपालीको संघ-संघठनहरुमा वैदेशिक रोजगार बचतपत्रको अद्यावधिक जानकारी नियमित पठाउने ।

## सन्दर्भ सूची


नेपाल सरकार, २०८१, आर्थिक सर्वेक्षण २०८०/८१, अर्थ मन्त्रालय

नेपाल राष्ट्र बैंक ऐन, २०५८

नेपाल राष्ट्र बैंक, Forty Years of Nepal Rastra Bank, 1996

सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९

सार्वजनिक ऋण व्यवस्थापन विनियमावली, २०८०

बजार निर्माता सम्बन्धी कार्यविधि, २०७० (दोस्रो संशोधन, २०७६)

वैदेशिक रोजगार बचतपत्र सम्बन्धी कार्यविधि, २०६९ (दोस्रो संशोधन, २०७६)

बिक्री एजेण्ट सम्बन्धी कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७९)

मौद्रिक नीति २०७३/७४, नेपाल राष्ट्र बैंक

मौद्रिक नीति २०७९/८०, नेपाल राष्ट्र बैंक

राष्ट्र ऋण मार्गदर्शन, २०७४

राम शरण खरेल, २०८१, नेपालमा आन्तरिक ऋण परिचालनमा सुधारका आयामहरु, वार्षिक लेख विषेशांक, धितोपत्र बोर्ड नेपाल

वैदेशिक रोजगार ऐन, २०६४

वैदेशिक रोजगार विनियमावली, २०६४

## अनुसूची १ : वैदेशिक रोजगारीमा जाने/आउनेको लागि स्थलगत सर्वेक्षण प्रश्नावली

### खण्ड कः व्यक्तिगत/पारिवारिक विवरण

१. नाम थर (ऐच्छिक): मोवाइल नं:                     २. लिङ्गः महिला ☐ पुरूष ☐ अन्य ☐

३. ठेगानाः   जिल्लाः                                  गाउँ/नगरपालीकाः

४. नेपालमा गरेको पछिल्लो पेशाः

कृषि ☐ स्वरोजगार ☐ व्यवसाय ☐ जागिर ☐ विद्यार्थी ☐ वेरोजगार ☐ अन्य ☐

५. शैक्षिक योग्यताः

क) निरक्षर ☐ ख) साधारण लेखपढ ☐ ग) कक्षा १-८ उतीर्ण ☐ घ) कक्षा ९-१२ उतीर्ण ☐

ङ) उच्च माध्यमिक तह वा सोभन्दा माथि ☐

### खण्ड खः वैदेशिक रोजगारी विवरण

१) कुन देशमा जादै हुनु हुन्छ ?                    कति समयको लागि :  ....

कुन देशबाट फर्कनु भएको ?                         कति समय रहनु भयो ? :  ...

२) वैदेशिक रोजगारीमा जाने खर्च कसरी जुट्यो ?

परिवारबाट ☐ आफ्नै बचतबाट ☐ बैंक/वित्तीय संस्थाबाट ऋण ☐ सर-सापटी ☐

रोजगारीमा जाने कम्पनीले व्यहोर्ने/व्यहोरेको ☐

३.तपाई पहिलो पटक विदेश जान लागेको हो ? होइन ☐ हो ☐ (**हो भने खण्ड ग मा जाने**)

४. यो समेत कति औँ पटक जादै हुनुहुन्छ ? .....      फर्केको कति महिना भयो ? .....

५. वैदेशिक रोजगारीबाट प्राप्त मासिक आम्दानी कति हुन्छ ? रू...............................

६. वैदेशिक रोजगारीमा खाने, बस्ने र अन्य खर्च वाहेक मासिक बचत कति हुन्छ ? रू............

७. नेपालमा घर परिवारलाई मासिक कति रूपैया पठाउनु हुन्छ ? रू .............................

८. कुन माध्यमबाट पठाउनु हुन्छ ? बैकिङ्ग/रेमिट कम्पनी ☐ साथी र आफन्त मार्फत् ☐ हुण्डी ☐

९.घर परिवारलाई पठाएको रकम के केमा खर्च हुने गरेको छ ?

परिवारको शिक्षा, स्वास्थ्य, खाद्यान्न, लत्ता-कपडा ☐ ऋण तिर्न ☐ घर-जग्गा र शेयर किन्न ☐
बचत गर्न ☐ वैदेशिक रोजगारी बचतपत्र खरिद गर्न ☐ अन्य☐

### खण्ड गः वैदेशिक रोजगार बचतपत्र सम्बन्धी विवरण

१. वैदेशिक रोजगार बचतपत्र बारे जानकारी छ ? छ ☐ छैन ☐ (**छैन भने ६ नं मा जाने**)

२. वैदेशिक रोजगार बचतपत्र को बारेमा कसरी जानकारी पाउनु भयो ?

राष्ट्र बैंकको सूचनामार्फत् ☐ साथी-भाईमार्फत् ☐ परिवारले बताएको ☐ सञ्चार माध्यमबाट ☐

३) हालसम्म वैदेशिक रोजगार बचतपत्र खरिद गर्नुभएको छ ? छ ☐ छैन ☐ **(छैन भने ७ नं मा जाने)**

(क) कति रकमको खरिद गर्नु भएको ? रू. ..............................

(ख) कसरी खरिद गरेको ? आफैँले विदेशबाट ☐ नेपालमा परिवार सदस्य मार्फत् ☐

(ग) खरिद गर्नुको कारण

अ) अन्य लगानीभन्दा बढी व्याज पाउने भएकोले ☐

आ) चाहेको बखत बिक्री गर्न सक्ने भएकोले ☐

इ) राम्रो हुन्छ भन्ने लागेर ☐

ई) अन्य ☐

४) खरिद गर्न किन नचाहनु भएको ?

क) राम्ररी जानकारी नभएर ☐ ख) लगानी गर्ने रकम अपुग भएकोले ☐ ग) झण्झटिलो भएकोले ☐ घ) ब्याज ढिलो पाउने भएकोले ☐ घ) प्रमाणपत्र सजिलै प्राप्त हुने नभएकोले ☐ ङ) अन्य ........

५) वैदेशिक रोजगार बचतपत्र खरिद गर्ने योजना छ ? छ ☐ छैन ☐

६) वैदेशिक रोजगारमा जानुअघिको अभिमुखीकरण तालिममा वैदेशिक रोजगार बचतपत्रको बारेमा बताए ?

क) बताए/बुझाए ☐ ख) राम्ररी बुझिन/बुझाएनन ☐ ग) बताएनन् ☐

७) कस्तो सुविधा र व्यवस्था भएमा वैदेशिक रोजगार बचतपत्र खरिद गर्नुहुन्छ ?

क) ब्याज छिटो पाउने भएमा ☐ ख) बैंक खातामा ब्याज प्राप्त हुने भएमा ☐ ग) अन्य .......

८) वैदेशिक रोजगार बचतपत्र बिक्री बढाउन के गर्नुपर्ला ?

## अनुसूची २ : बिक्री एजेण्टहरुको लागि सर्वेक्षण प्रश्नावली

१. बिक्री एजेण्टको परिचय : क) कम्पनीको नाम : ख) तपाँईको नाम, थर : ग) कार्यरत देश:

२. श्रमिकले वैदेशिक रोजगार बचतपत्रको बारेमा सोध्ने गरेका छन् ?

३. श्रमिकलाई वैदेशिक रोजगार बचतपत्रको बारेमा बताउने गर्नुभएको छ ?

४. वैदेशिक रोजगार बचतपत्रको नियम, कार्यविधि, सूचना, ब्याजदर र शर्तहरूको बारेमा जानकारी छ?

५. वैदेशिक रोजगार बचतपत्र निष्काशनको सूचना नियमित तथा अद्यावधिक रूपमा प्राप्त हुन्छ ?

६. यदि थाहा हुन्छ भने कुन माध्यमबाट हुन्छ ?

७. तपाँईको विचारमा वैदेशिक रोजगार बचतपत्रको बिक्री बढाउन के गर्नुपर्ला ?

## अनुसूची ३ : म्यानपावर कम्पनीहरुको लागि सर्वेक्षण प्रश्नावली

१. कम्पनी विवरण : कम्पनीको नाम: फोन न:

स्थापना भएको वर्ष:

श्रमिक पठाउने देशहरू:

२. तपाँईले वैदेशिक रोजगार बचतपत्रको बारेमा थाहा पाउनु भएको छ ?

३. तपाँईले श्रमिक पठाउँदा अभिमुखीकरण कक्षा सञ्चालन गर्नुहुन्छ ?

४. श्रमिकलाई विप्रेषण नेपालमा पठाउँदा अपनाउनुपर्ने सावधानीको बारेमा बताउनुहुन्छ ?

५. श्रमिक विदेश जानुअघि बैंक खाता खोल्नु अनिवार्य छ ? छ ☐ छैन ☐

६. तपाँईलाई श्रमिकले वैदेशिक रोजगार बचतपत्रको बारेमा सोध्ने गरेका छन् ?

७. वैदेशिक रोजगार बचतपत्रको बारेमा प्रचारप्रसार बढाउन के गर्नुपर्ला ?

**अनुसूची ४ : २०८० असार मसान्तमा कायम बिक्री एजेण्टहरुको सूची**

| सि.नं. | संस्थाको नाम | सि.नं. | संस्थाको नाम |
|---|---|---|---|
| १ | सिटिजन्स बैंक ईन्टरनेसनल लिमिटेड | ८ | सानिमा बैंक लिमिटेड |
| २ | नबील बैंक लिमिटेड | ९ | सिटी एक्स्प्रेस मनी ट्रान्स्फर प्रा.लि. |
| ३ | माछापुच्छ्रे बैंक लिमिटेड | १० | आई.एम.ई. लिमिटेड |
| ४ | नेपाल रेमिट ईन्टरनेसनल प्रा.लि. | ११ | एनएमबी बैंक लिमिटेड |
| ५ | प्रभु बैंक लिमिटेड | १२ | ग्लोवल आईएमई बैंक लिमिटेड |
| ६ | सिद्धार्थ बैंक लिमिटेड | १३ | नेपाल बैंक लिमिटेड |
| ७ | लक्ष्मी सनराईज बैंक लिमिटेड | १४ | ईसेवा मनी ट्रान्सफर प्रा.लि. |

स्रोतः नेपाल राष्ट्र बैंक

**अनुसूची-५: २०८० असार मसान्तमा कायम बजार निर्माताको सूची**

| सि.नं. | संस्थाको नाम | सि.नं. | संस्थाको नाम |
|---|---|---|---|
| १ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड | १९ | गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड |
| २ | लक्ष्मी सनराइज बैंक लिमिटेड | २० | आईसीएफसी फाइनान्स लिमिटेड |
| ३ | हिमालयन बैंक लिमिटेड | २१ | गुडविल फाइनान्स लिमिटेड |
| ४ | नबिल बैंक लिमिटेड | २२ | नागरिक लगानी कोष |
| ५ | सिटिजन्स् बैंक इण्टरनेशनल लिमिटेड | २३ | एक्सेल डेभलपमेण्ट बैंक लिमिटेड |
| ६ | सिद्धार्थ बैंक लिमिटेड | २४ | सेन्ट्रल फाइनान्स लिमिटेड |
| ७ | ग्लोबल आइएमई बैंक लिमिटेड | २५ | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड |
| ८ | प्रभु बैंक लिमिटेड | २६ | मुक्तिनाथ विकास बैंक लिमिटेड |
| ९ | एनएमबि बैंक लिमिटेड | २७ | श्री रिलायन्स फाइनान्स लिमिटेड |
| १० | सानिमा बैंक लिमिटेड | २८ | श्री पोखरा फाइनान्स लिमिटेड |
| ११ | कृषि विकास बैंक लिमिटेड | २९ | श्री कामना सेवा विकास बैंक लिमिटेड |
| १२ | माछापुच्छ्रे बैंक लिमिटेड | ३० | शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड |
| १३ | एनआईसी एशिया बैंक लिमिटेड | ३१ | गोर्खाज फाइनान्स लिमिटेड |
| १४ | प्राइम कमर्सियल बैंक लिमिटेड | ३२ | प्रोग्रेशिभ फाइनान्स लिमिटेड |
| १५ | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड | ३३ | समृद्धि फाइनान्स कम्पनी लिमिटेड |
| १६ | कुमारी बैंक लिमिटेड | ३४ | नेपाल बैंक लिमिटेड |
| १७ | सांग्रीला डेभलपमेन्ट बैंक लिमिटेड | ३५ | मञ्जुश्री फाईनान्स लिमिटेड |
| १८ | महालक्ष्मी विकास बैंक लिमिटेड | ३६ | स्टयाण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड |

स्रोत: नेपाल राष्ट्र बैंक